कोभिड-१९ (कोरोना भाइरस)को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्था

एक अध्ययन

इन्सेक
insec

DCA
actalliance

कोभिड-१९ (कोरोना भाइरस)को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्था
एक अध्ययन

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

कोभिड–१९ (कोरोना भाइरस)को महामारीमा मानव अधिकार रक्षकहरूको अवस्थासम्बन्धी एक अध्ययन

प्रकाशन मितिः २०७७

सङ्ख्याः २ हजार प्रति

प्रकाशकः अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकारः इन्सेक

इन्सेक पुस्तक नं. १९४/२०७७

अनुसन्धानकर्ताः अधिवक्ता अच्युत आचार्य

सम्पादनः मदन पौडेल

संयोजनः सरिता पुरी

आवरण/लेआउटः गीता माली

भूमिका

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मानव अधिकारको संरक्षण तथा संवर्द्धनको लागि विगत तीन दशकदेखि क्रियाशील छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा प्रत्याभूत मानव अधिकारका विषयलाई प्रत्येक व्यक्तिले निर्वाध उपभोग गर्न पाउने अवस्थाको सुनिश्चितताका लागि यसका कार्यक्रम तथा क्रियाकलापहरू केन्द्रित छन्। व्यक्तिको मानव अधिकारहरूको सुनिश्चिततासहित यसको सम्मान तथा संरक्षण गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समन्वय तथा सहयोगीको भूमिकामा क्रियाशील रहेका संस्था, समुदाय तथा व्यक्तिहरूलाई मानव अधिकार रक्षकको रूपमा चिनिन्छ। उनीहरूको अधिकार तथा जिम्मेवारीलाई स्थापित गरिएन भने मानव अधिकारको सम्मान तथा संरक्षण गर्न गाह्रो हुन्छ। समाज तथा राष्ट्रमा आइपरेका विपत्ती, सङ्कट तथा द्वन्द्वहरूमा मानव अधिकारको सम्मान तथा संरक्षणको विषय कठिन हुन्छ। यस्तो अवस्थामा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति तथा समुदायको सक्रियताको ठूलो महत्त्व हुन्छ। महामारी, सङ्कट तथा द्वन्द्वको अवस्थामा आमनागरिक तथा व्यक्तिको मानव अधिकारको संरक्षण तथा सम्मानको लागि मानव अधिकार रक्षक बढी क्रियाशील हुनु पर्ने अवस्थाको सिर्जना भएको हुन्छ। अर्कोतिर त्यस्तो कठिन अवस्थामा व्यक्तिगत तथा पेशागत समुदायको सदस्यको रूपमा मानव अधिकार रक्षकहरूको पनि जीवन, स्वतन्त्रता, मर्यादासहित पेशागत जिम्मेवारीमा पनि सङ्कट आउन सक्छ। विश्वका कयौँ देशमा मानव अधिकार रक्षकहरूले कर्तव्य पालनाको सिलसिलामा अनेकौँ सास्ती व्यहोर्नुपरेको र तथा ज्यान गुमाउनु परेको दृष्टान्तहरू छन्।

इन्सेकले मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वहरूलाई विधि सम्मतरूपमा स्थापित गर्न मानव अधिकार रक्षकसम्बन्धी कानुनको मस्यौदा तयार गरेको छ। यी विषयमा सरोकारवालाको ध्यानाकर्षण गर्न इन्सेकले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ। मानव अधिकार रक्षकहरूको अधिकार तथा दायित्वको बारेमा संयुक्त राष्ट्रसङ्घले सन १९९८ मा घोषणापत्र जारी गरेको भए पनि यो बाध्यकारी नभएकाले मानव अधिकार रक्षकको अधिकार संरक्षण र संवर्द्धनका लागि इन्सेक क्रियाशील छ।

डीसीएको आर्थिक सहयोगमा इन्सेकले कोभिड-१९ को महामारीको अवस्थामा अग्रभागमा क्रियाशील स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूको मानव अधिकार अवस्था तथा उनीहरूले भोग्नुपरेका समस्याका बारेमा जानकारी लिने उद्देश्यले अध्ययन गरेको थियो। यो अध्ययन गर्नु हुने मानव अधिकार अधिवक्ता अच्युत आचार्यलाई धेरै धन्यवाद दिन चाहान्छु। अनुसन्धान प्रतिवेदनको सम्पादनका लागि मदन पौडेल, अनुसन्धानका लागि आवश्यक प्रबन्ध एवम् संयोजनका लागि डीसीए परियोजना संयोजक सरिता पुरी तथा प्रतिवेदन डिजाइनिङका लागि गीता मालीलाई धन्यवाद दिन चाहान्छु। यो अनुसन्धान प्रतिवेदनमा उल्लेख गरिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनमा सरोकारवालाहरूबाट सहयोग तथा समन्वयको अपेक्षा गरेका छौँ।

डा. इन्दिरा श्रेष्ठ

अध्यक्ष

विषयसूची

परिच्छेद एक ७-१३

परिचय ७

१. विषय प्रवेश ७

२. उद्देश्य ९

३. अनुसन्धानको विधि ९

४. अनुसन्धानको क्षेत्र तथा सीमितता १०

परिच्छेद दुई १४-२५

मानव अधिकार रक्षकसम्बन्धी कानुनहरू १४

१. अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू १४

२. राष्ट्रिय व्यवस्थाहरू १९

परिच्छेद तीन २६-३७

कोभिड-१९ मा मानव अधिकार रक्षकहरूको अवस्था तथ्यगत विश्लेषण २६

१. मानव अधिकार रक्षकको रूपमा क्रियाशील स्वास्थ्यकर्मीहरू २६

२. मानव अधिकार रक्षकको रूपमा सञ्चारकर्मी ३०

३. मानव अधिकारकर्मीहरू ३२

४. विभिन्न संस्थाहरूको प्रतिवेदनबाट प्राप्त तथ्यहरू ३४

परिच्छेद चार ३८-४२

कानुनी विश्लेषण ३८

(क) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूको आधारमा ३८

(ख) राष्ट्रिय नीति तथा कार्यक्रमहरूको आधारमा ३९

परिच्छेद पाँच ४३-४७

विश्लेषण, निष्कर्ष र सुझावहरू ४३

१. विश्लेषण र निष्कर्ष ४३

२. सुझावहरू ४६

अनुसूची १: कोरोना भाइरस (COVID-19)को महामारीको अवस्थामा मानव अधिकार रक्षकहरूको अवस्थाको बारेमा अनुसन्धानका लागि तयार गरिएको प्रश्नावलीहरू ४८

अनुसूची २: कोरोना भाइरस (COVID-19)को महामारीको अवस्थामा स्वास्थ्यकर्मीहरूको मानव अधिकारको अवस्थाको बारेमा अनुसन्धानको लागि तयार गरिएको प्रश्नावलीहरू ५२

अनुसूची ३: कोरोना भाइरस (COVID-19)को महामारीको अवस्थामा सञ्चारकर्मीहरूको मानव अधिकारको अवस्थाको बारेमा अनुसन्धानको लागि तयार गरिएको प्रश्नावलीहरू ५६

अनुसूची ४: कोरोना भाइरस (COVID-19)को महामारीको अवस्थामा सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूको मानव अधिकार अवस्थाको बारेमा अनुसन्धानका लागि तयार गरिएको समूहगत प्रश्नावलीहरू (Questions for Focus Group Discussion) ६०

अनुसूची ५: कोरोना भाइरस (COVID-19)को महामारीको अवस्थामा स्वास्थ्यकर्मीहरूको मानव अधिकारको अवस्थाको बारेमा अनुसन्धानको लागि सामूहिक रूपमा छलफल गरिने प्रश्नावलीहरू (Questions for Focus Group Discussion) ६३

अनुसूची ६: मानव अधिकार रक्षकहरूको अवस्थाको सम्बन्धमा क्षेत्रगत अनुसन्धानको विधि तथा प्रक्रियाहरूको निर्देशिका २०७७ (२०२०) ६८

सन्दर्भ सामग्रीहरू **७९-८०**

- पुस्तक तथा प्रतिवेदनहरू ७९
- राष्ट्रिय कानुनहरू ७९
- अन्तर्राष्ट्रिय कानुनहरू ८०
- वेबसाइटहरू ८०

परिचय

१. विषय प्रवेश

कोभिड-१९ (कोरोना भाइरस)को प्रकोपबाट मानव जातिमाथि भएको महामारीबाट सृजित असरलाई कम गर्न नेपाललगायत विश्वका देशहरू क्रियाशील छन्। यस भाइरसका कारण करौडौँको सङ्ख्यामा मानव समुदाय प्रभावित भएको छ। लाखौँ मानिसको मृत्युको कारण पनि भएको छ। मानव जीवनका विभिन्न अवयवहरू यस महामारीबाट कमजोर तथा निरीह भएको छ। मानव समुदायको जीवन रक्षा गर्न विभिन्न सरोकारवालाले प्रयास जारी राखेका छन्।

यस महामारीबाट मानव समुदायको जीवन तथा अन्य अत्यावश्यकीय स्रोतसाधनको रक्षार्थ अग्रपङ्क्तिमा रहेर सेवामा समर्पित स्वास्थ्यकर्मी, सञ्चारकर्मी, सुरक्षाकर्मी तथा मानव अधिकारकर्मीहरूको कडा परिश्रमलाई उच्च मूल्याङ्कन गरिनु आवश्यक छ। सङ्कट तथा महामारीको समयमा मानव जातिको जीवन रक्षासहित अत्यावश्यक वस्तुहरूको अभाव तथा प्रभावबाट मुक्त राख्नु महत्त्वपूर्ण विषय हो।

महामारीको अवस्थामा पनि स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरू यो भाइरसको आक्रमणबाट सुरक्षित हुन चाहिने आवश्यक चिकित्सकीय सुरक्षा साधनहरूको अभावबाट गुज्रिनु परेको छ। यसका अलावा उनीहरू अनेकौँ खालका प्रताडनाबाट पनि प्रभावित र पीडत भएका घटनाहरू सार्वजनिक भएका छन्।

कोभिड-१९ को महामारी सुरु भएपछि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा आमनागरिकको मानव अधिकारहरू विशेष गरी स्वास्थ्य सेवा, त्यसमा पनि निःशुल्क सेवा पाउने हक, रोजगारीको हक, शिक्षाको हक, स्वतन्त्ररूपमा हिँडडुल गर्ने अधिकार, आफ्नो सम्पत्तिको व्यापार, व्यवसायजस्ता अधिकार हनन् भए। मानव अधिकार रक्षकको रूपमा चिनिएका सञ्चारकर्मी, स्वास्थ्यकर्मीहरूको पनि रोजगारी, पेसा, पारिश्रमिक, पारिवारिक मिलन, कार्यअवधिलगायतका सवालमा असर परिरहेको छ। आमसमुदायजस्तै मानव अधिकार

रक्षकहरूको अधिकारहरू उल्लङ्घन भइरहेको छ। नेपालमा लकडाउनको सुरुआतका तीन महिनामा २५ जना स्वास्थ्यकर्मीहरूमाथि दुर्व्यवहार[१] भएको अभिलेख भयो । सोही अवधिमा प्रेस स्वतन्त्रता र पत्रकारउपर हिंसासम्बन्धी १८ घटना र २४ जना पत्रकार पीडित/प्रभावित भएको नेपाल पत्रकार महासङ्घले सार्वजनिक गरेको प्रतिवेदन[२] मा उल्लेख छ। यस अवधिमा करिब चार प्रतिशत पत्रकारले रोजगारी गुमाउनु परेको, ६ प्रतिशत सञ्चारकर्मीलाई कार्यरत संस्थाले बेतलबी बिदा दिएको, झण्डै ९ प्रतिशत पत्रकारको तलब कटौती भएको, २० प्रतिशत पत्रकारहरूले नियमित तलब पाउन नसकेको र एक तिहाइ पत्रकारहरूले चार महिनादेखिको तलब नपाएको[३] प्रतिवेदनमा उल्लेख छ।

मानव अधिकार रक्षकको अधिकारहरूको बारेमा संयुक्त राष्ट्रसङ्घबाट बाध्यकारी रूपमा लागु हुने कुनै कानुनहरूको निर्माण भएको देखिँदैन। मानव अधिकार सम्बन्धमा भएका अन्य अन्तर्राष्ट्रिय कानुनहरू, घोषणा तथा निर्देशिकाहरूको आधारमा नै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको अधिकारलाई जोडेर व्याख्या गरिन्छ। त्यसैगरी, थोरै देशहरूले मात्र मानव अधिकार रक्षकहरूलाई सम्बोधन गर्ने कानुनहरूको निर्माण गरेको पाइन्छ। नेपालमा राष्ट्रिय मानव अधिकार आयोगले यस सम्बन्धमा केही पहलकदमी लिएको पाइन्छ।

यसै सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यस महामारीबाट उत्पन्न मानवीय सङ्कटको अवस्थामा यसको निवारण तथा यसको असरहरूलाई न्यूनीकरण गर्ने कार्यमा अग्रपङ्क्तिमा (Frontline)मा खटिने समुदायहरूमा विशेष गरी स्वाथ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीको मानव अधिकार तथा पेसागत अवस्थाको बारेमा अध्ययन गर्ने प्रयोजनले यो अनुसन्धान गरेको हो। इन्सेकले मानव अधिकार रक्षकका लागिहरू कानुनहरूको आवश्यकताको महसुस गरी नमूना कानुन तयार पारी वितरण गरेको थियो। स्पष्टत: कुनै कानुन नभए पनि नेपालसहित विश्वका विभिन्न देशहरूमा ठूलो सङ्ख्याका मानिसहरू मानव अधिकार रक्षकको भूमिकामा क्रियाशील

---

१ अनौपचारिक क्षेत्र सेवा केन्दद्वारा प्रकाशित प्रतिवेदन

२ नेपाल पत्रकार महासङ्घद्वारा प्रकाशित त्रैमासिक पत्रिका, पत्रकारिता, सम्पादक विपुल पोखरेल, अङ्क जेष्ठ २०७७, तिलगङ्गा, काठमाडौँ पेज ९, उपलब्धता http://www.fnjnepal.org/en/resources

३ पत्रकारिता क्षेत्रमा कोभिड-१९ को प्रभाव सर्वेक्षणको प्रारम्भिक नतीजा, नेपाल पत्रकार महासङ्घ र Sharecast Initiatives, Nepal द्वारा संयुक्त रूपमा सर्वेक्षण गरिएको, प्रकाशित मिति २०७७ असोज ५ गते, उपलब्धताको लागि http://www.fnjnepal.org/en/resources

छन्। अत: उनीहरूका बारेमा अध्ययन गरी अधिकारको संरक्षण तथा संवर्द्धन गर्नु अहिलेको आवश्यकता हो। सङ्कट तथा महामारीको वर्तमान अवस्थामा समग्र मानव समुदायको हक अधिकारलाई संरक्षण गर्न क्रियाशील मानव अधिकार रक्षकहरूको अवस्था विश्लेषण गरी जीवन, पेसा तथा व्यवसायको संरक्षण गर्न आवश्यक देखिएको हुँदा यो अनुसन्धान गरिएको हो।

२. उद्देश्य

आफ्नो जीउज्यानको पर्वाह नगरी दिनरात यसको न्यूनीकरण तथा निर्मूल गर्न खटिएका व्यक्तिहरूमध्ये स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकारकर्मीहरूको वर्तमान अवस्थाको लेखाजोखा गरी उनीहरूको अविच्छिन्न तथा निर्वाध रूपमा पेसागत दायित्व बहन गर्न सक्ने वातावरण निर्माण गर्ने तथा उनीहरूको जीवनलगायत अन्य अवस्थाको संरक्षण गर्नको लागि एउटा ठोस निष्कर्षसहित सम्बन्धित सरोकारवालाहरूलाई सुझाव दिनु रहेको छ। यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ:

(क) कोभिड-१९ ले प्रभाव पारेको वर्तमान अवस्थामा अग्रपङ्क्ति (Front line) मा खटिएका स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा मानव अधिकार रक्षकहरूको अवस्था सार्वजनिक गर्ने।

(ख) यस अवधिमा मानव अधिकार रक्षकहरूको सुरक्षा तथा संरक्षणमा चालिएका सरकारी तथा अन्य कदमहरूको बारेमा विश्लेषण गर्ने।

(ग) मानव अधिकार रक्षकहरूको सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा नीतिहरूको विश्लेषण र यस सम्बन्धमा कानुन तथा नीतिहरूको निर्माणको लागि वकालतको दस्तावेज तयार गर्ने।

(घ) यस अध्ययनबाट आएका निष्कर्षहरूको आधारमा सुझावहरू तयार गरी कार्यान्वयन गर्न सम्बन्धित निकायहरूमा वकालत गर्ने।

३. अनुसन्धानको विधि

यस अध्ययन प्रयोजनका निमित्त बहुआयामिक अध्ययन तथा अनुसन्धान विधिलाई अवलम्बन गरिएको छ। यस अनुसन्धानमा तथ्य सङ्कलन विधिको लागि प्राथमिक (Primary) र गौण (Secondary) दुवै पद्धतिलाई अवलम्बन गरिएको छ भने विश्लेषणको लागि मात्रात्मक (Qualitative) र गुणात्मक (Quantitative) विधिलाई

पनि प्रयोगमा ल्याइएको। अनुसन्धानको लागि मानव अधिकारकर्मी,[४] स्थास्थ्यकर्मी[५] तथा सञ्चारकर्मी[६]हरूको लागि अलग-अलग व्यक्तिगत प्रश्नावलीहरू (Key informat interview) तथा समूह लक्षित छलफल (Focus Group Discussion) का प्रश्नावलीहरू तयार गर्दा मानव अधिकारकर्मी तथा सञ्चारकर्मीहरूका[७] लागि संयुक्त र स्वास्थ्यकर्मीहरूको[८] लागि अलग छलफलपश्चात् सर्वेक्षकहरू (Surveyors) द्वारा कार्यक्षेत्रमा स्थलगत भ्रमण गरी जवाफकर्तासँग छलफल विधिबाट तथ्यहरूको सङ्कलन गरिएको थियो। यद्यपि केही जिल्ला तथा स्थानहरूमा कोभिड-१९ को कारण निषेधाज्ञा जारी रहिरहेको कारण तथ्य सङ्कलनको लागि टेलिफोन वा Vertual विधिद्वारा पनि छलफल विधि अवलम्बन गरिएको थियो। यस अनुसन्धानको लागि पेसागत सङ्घसंस्था, महासङ्घ तथा स्थानीय रूपमा सक्रिय व्यक्ति तथा संस्थाका प्रतिनिधि, नेतृत्व तहमा क्रियाशील व्यक्तिहरूलाई जवाफकर्ताहरू (Respondents) को रूपमा छनौट गरिएको थियो। त्यसैगरी, महामारीको निवारणमा प्रत्यक्ष रूपमा चिनिएका तथा खटिएका संस्थाका प्रतिनिधि/व्यक्तिहरूलाई पनि छनौट गरिएको थियो। नेपाल पत्रकार महासङ्घ, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल चिकित्सक सङ्घ, अनौपचारिक क्षेत्र सेवा केन्द्रलगायत अन्य विभिन्न सञ्चार-माध्यमहरूमा प्रकाशित तथा प्रसारित सूचना, प्रतिवेदन तथा आलेखहरूलाई पनि सङ्कलन गरी विश्लेषण गरिएको छ। अनुसन्धानको लागि खटिएका सर्वेक्षकहरूको सहजता, तथ्यगत एकरूपता, संस्थाको प्रतिष्ठा तथा अनुसन्धानको लोकप्रियताको लागि केही सर्वेक्षकहरूले पालना गर्नुपर्ने केही आधारभूत निर्देशिकाहरू तयार गरी त्यसका अनुशरण गरिएको थियो।[९]

४. अनुसन्धानको क्षेत्र तथा सीमितता

कोभिड-१९ को महामारीलाई न्यूनीकरण गर्न अग्रपङ्क्ति (Front line)मा खटिएका स्वाथ्यकर्मी, सञ्चारकर्मी तथा नागरिक समाज तथा मानव अधिकारकर्मीहरूलाई मात्र मानव अधिकार रक्षकको रूपमा छनौट गरिएको छ। मानव अधिकार रक्षकहरू

४ अनुसूची नं २
५ अनुसूची नं ३
६ अनुसूची नं ४
७ अनुसूची नं ५
८ अनुसूची नं ६
९ अनुसूची नं ७

अन्य धेरै क्षेत्रमा खटिएका व्यक्तिहरू भए पनि यसमा उनीहरूलाई समेटिएको छैन। त्यसैगरी अनुसन्धानको भूगोल तथा क्षेत्रगत कार्यको लागि चार प्रदेशहरूबाट दुई/दुई जिल्लाहरूलाई छनौट गरिएको छ। त्यसरी छनौट गरिएका प्रदेश तथा जिल्लाहरूमा प्रदेश नं. २ बाट धनुषा र रौतहट, लुम्बिनी प्रदेशबाट दाङ र बाँके, कर्णाली प्रदेशबाट सुर्खेत र जुम्ला र सुदुरपश्चिम प्रदेशबाट कैलाली र डडेलधुरा रहेका छन्।

अन्तर्वार्ता तथा समूहगत छलफलको लागि छनौट गरिएका जवाफकर्ताहरूको लैङ्गिक, जातीय पहिचान, सेवाको क्षेत्र तथा भौगोलिक विभाजनको आधारमा निम्नबमोजिम वर्गीकरण गरिएको छ।

यस अनुसन्धानमा नेपाल सरकारले बन्दाबन्दीको घोषणा गरेको मिति ११ चैत २०७६ देखि असोज २०७७ सम्मको विश्लेषण गरिएको छ। यस अनुसन्धानमा समग्र मुलुकमा रहेका मानव अधिकार रक्षकहरूको अवस्थाको विश्लेषण नगरी (माथि उल्लिखित मानव अधिकार रक्षकहरूमात्र) छनौट गरिएका जिल्लाहरूको अवस्थाको आधारमा मात्र विवेचना तथा विश्लेषण गरिएको छ।

यस भागमा मानव अधिकार रक्षकसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूको बारेमा विवेचना गरिएको छ।

अन्तर्वार्ताको लागि छनौट गरिएका जवाफकर्ताको विवरण

क्र.सं.	पेसागत पहिचान	पुरुष	महिला	जातीय पहिचान	सेवाको प्रकृति	रोजगारीको प्रकृति	जम्मा सङ्ख्या	कैफियत
१	सञ्चारकर्मी	चार		ब्राह्मण २, मधेसी १, थारु १	छापा पत्रिका, स्थानीय अनलाइन, टेलिभिजन,	तीन जना सरकारी, एक जना गैरसरकारी	चार	
२	स्वास्थ्यकर्मी	पाँच	पाँच	क्षेत्री ४, ब्राह्मण २, मधेसी २, थारु २	चिकित्सक, परिचारिका, प्याथोलोजिष्ट, मेडिकल शिक्षक, जनस्वास्थ्य विज्ञ	सात जना सरकारी, तीन जना गैरसरकारी	१०	
३	मानव अधिकारकर्मी	एक	तीन	ब्राह्मण २, मधेसी १, क्षेत्री १,	महिला अधिकार, मानव अधिकार, सुशासन	गैरसरकारी संस्था चार	चार	
	जम्मा सङ्ख्या	१०	आठ	ब्राह्मण ६ मधेशी ४ क्षेत्री ५ थारु ३		सरकारी संस्थाका प्रतिनिधि १० गैररकारी संस्थाका प्रतिनिधि आठ	१८	

समूहगत छलफलको लागि छनौट गरिएका जवाफकर्ताको विवरण

क्र.सं.	पेसागत पहिचान	पुरुष	महिला	जातीय पहिचान	सेवाको प्रकृति	रोजगारीको प्रकृति	जम्मा सङ्ख्या	कैफियत
१	सञ्चारकर्मी	१५	चार	ब्राह्मण ३, मधेसी ३, थारु १, दलित ३ क्षेत्री ८, जनजाति १	राष्ट्रिय तथा स्थानीय छापा पत्रिका, स्थानीय अनलाइन, टेलिभिजन, एफएम रेडियोमा कार्यरत संवाद्दाता तथा सम्पादक	तीन जना सरकारी, १६ जना सामुदायिक तथा निजी संस्था	१९	
२	स्वास्थ्यकर्मी	१४	१४	क्षेत्री ८, ब्राह्मण ७ मधेसी ८, जनजाति ३ थारु १, दलित १	चिकित्सक, परिचारिका, प्याथोलोजिष्ट,मेडिकल शिक्षक, जनस्वास्थ्य विज्ञ	१७ जना सरकारी संस्था, ११ जना गैरसरकारी संस्था	२८	
३	मानव अधिकारकर्मी	१५	नौ	ब्राह्मण ७, मधेसी ३, क्षेत्री ६, जनजाति २ दलित ४, थारु १ मस्लिम १	महिला अधिकार, मानव अधिकार, सुशासन, अपागङ्ताको अधिकार, जातीय पहिचान तथा अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, बाल अधिकार आदि	गैरसरकारी संस्था २२ सरकारी २	२४	
	जम्मा सङ्ख्या	४४	२७	ब्राह्मण १७, मधेसी १४, थारु ३, दलित ८ क्षेत्री २२, जनजाति ६ मुस्लिम १		गैरसरकारी संस्था ४९ सरकारी २२	७१	

परिच्छेद दुई

मानव अधिकार रक्षकसम्बन्धी कानुनहरू

१. अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरू

मानव अधिकार रक्षकहरूको सम्बन्धमा प्रत्यक्ष रूपमा सम्बोधन तथा कार्यान्वयन गर्नको लागि हालसम्म संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घसंस्थाहरूले बाध्यकारी रूपमा कुनै सन्धि तथा अनुबन्ध आदिको निर्माण गरेको पाइएको छैन। संयुक्त राष्ट्रसङ्घबाट सन् १९९८ मा मानव अधिकार रक्षकहरूको सम्बन्धमा नरम कानुन (soft law)को रूपमा एउटा घोषणा जारी भएको पाइन्छ भने क्षेत्रीय रूपमा युरोपियन युनियन, अफ्रिकी युनियन र अमेरिकी राष्ट्रहरूको सङ्गठनहरूले क्षेत्रीय रूपमा लागु हुने गरी यस सम्बन्धमा केही दस्ताबेजहरूको निर्माण गरेका छन्। यद्यपि प्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको अधिकारको सम्बन्धमा कुनै दस्ताबेजहरू नभए पनि हाल जारी भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि एवम् महासन्धिहरूमा यस विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा केही उल्लेख भएको पाइन्छ जसलाई यहाँ प्रस्तुत गरिएको छ।

क) संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५

संयुक्त राष्ट्रसङ्घले मौलिक मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यलाई प्रस्तावनामा उल्लेख गरेको छ।[10] त्यसैगरी, यसको बडापत्रको धारा १ को (३) मा यसको उद्देश्यमा पनि मौलिक हक एवम् मानव अधिकारप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने" भन्ने रहेको छ।

यस बडापत्रमा विश्वभरिमा मौलिक मानव अधिकारको संरक्षण तथा संवर्द्धनसहित यसको विकासको लागि सक्रिय रहने विषयलाई संयुक्त राष्ट्रसङ्घको एउटा मुख्य उद्देश्यको रूपमा उल्लेख गरेको छ। यसबाट मानव अधिकारको विकासमा सहभागी हुने

१० प्रस्तावना, संयुक्त राष्ट्रसङ्घको बडापत्र १९४५

राज्य तथा संस्थाहरूले मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षणमा पनि सक्रिय रूपमा क्रियाशील रहन्छ भन्ने अनुमान गर्न सकिन्छ। त्यसैले बडापत्रबाट नै अप्रत्यक्ष रूपमा मौलिक मानव अधिकारको विकास गर्ने भन्ने भएपश्चात् यसको सम्पूर्ण प्रक्रिया तथा अवयवहरूको पनि सोहीअनुरूप सहयोग गर्ने उद्देश्य रहेको मान्न सकिन्छ। यस बडापत्रको आधारमा गठन भएका मानव अधिकार परिषद् तथा त्यसका विभिन्न समिति तथा समाधीक्षकहरू र त्यस्ता संयन्त्रहरूले मानव अधिकार रक्षकहरूको सम्बन्धमा भए गरेका कार्यहरूलाई पनि यसमा बडापत्रको योगदानको रूपमा जोडेर हेर्ने गरिएको छ।

ख) मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८

मानव अधिकार रक्षकहरूको सम्बन्धमा यस घोषणापत्रमा प्रत्यक्ष रूपमा केही उल्लेख गरेको नभए पनि यसमा भएका केही व्यवस्थाहरूले मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण गर्नुपर्ने सम्बन्धमा उल्लेख गरिएको छ। यस घोषणापत्रको धारा १९[११] र २८[१२] मा क्रमशः विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण रूपमा सम्मेलनमा सहभागिता तथा संस्था खोल्ने अधिकारहरूको बारेमा उल्लेख गरिएका पाइन्छ। त्यसैगरी, यस घोषणामा उल्लेख गरिएको अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्नको लागि प्रत्येक व्यक्तिलाई सामाजिक रूपमा तथा अन्तर्राष्ट्रिय व्यवस्थाको माध्यमबाट अधिकारको सुनिश्चिता हुने विषय उल्लेख छ। यी व्यवस्थाहरूले मानव अधिकारको आधारभूत पक्षको संरक्षण र संवर्द्धनसहित यसको वकालतको लागि जोकोही पनि आफ्नो वा अरूको अधिकारको लागि क्रियाशील रहन सक्नेतर्फ औँल्याएको देखिन्छ।

---

११ प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा विनाहस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देजविना कुनै पनि माध्यममार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रतासमेत समावेश हुनेछ।

१२ प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

ग) राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६

यस अनुबन्धको धारा १९,[१३] २१[१४] र २२[१५] मा क्रमश: विचार अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्वक भेला अधिकार र ट्रेड युनियन खोल्ने, सम्मिलित हुन पाउने लगायतका अधिकारहरू समावेश भएका छन्। यी व्यवस्थाहरूले मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्बन्धमा यस अनुबन्धमा लेखिएका अधिकारहरूको संरक्षण तथा संवर्द्धन गर्न प्रयोजनको लागि जोकोही पनि क्रियाशील हुन सक्छ। सो कार्यमा संलग्नहरूमा मानव अधिकारको संरक्षण गर्नुपर्ने दायित्वको बारेमा उल्लेख गरिएको पाइन्छ।

घ) विश्वव्यापी रूपमा मान्यता प्राप्त मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षण गर्न व्यक्ति, समूह र समाजका अङ्गहरूको अधिकार र दायित्वसम्बन्धी घोषणापत्र १९९८ (मानव अधिकार रक्षकहरूको घोषणापत्र)

मानव अधिकार रक्षकहरूको अधिकार र दायित्व सम्बन्धमा संयुक्त राष्ट्रसङ्घबाट हालसम्म जारी भएको यो नै प्रत्यक्ष रूपमा सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेज हो[१६]। यस घोषणापत्रको प्रस्तावनामा नै विश्वव्यापी रूपमा मान्यता प्राप्त मानव अधिकार र मौलिक स्वतन्त्रताको प्रवर्द्धन र संरक्षण गर्ने व्यक्ति, समूह र समाजका अङ्गहरूको

१३ प्रत्येक व्यक्तिलाई विनाहस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने अधिकार हुनेछ। २. प्रत्येक व्यक्तिलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। सीमाको बन्देजविना, मौखिक, लिखित वा मुद्रित रूपमा वा कलात्मक रूपमा वा निजको आफ्नो छनौटको अन्य कुनै माध्यममार्फत सबै किसिमका सूचना र विचारहरू प्राप्त गर्ने तथा दिने स्वतन्त्रतासमेत यस अधिकारमा समावेश हुनेछन्।

१४ शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिनेछ। यस अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन पाइने छैन।

१५ १. प्रत्येक व्यक्तिलाई आफ्नो हितको संरक्षणको लागि ट्रेड युनियनहरू खोल्ने र त्यसमा सम्मिलित हुने अधिकारलगायत अरू व्यक्तिहरूसँग सङ्गठनको स्वतन्त्रताको अधिकार हुनेछ। २. यस अधिकारको प्रयोगमा कानुनबमोजिम लगाइएका र प्रजातान्त्रिक समाजमा राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुरक्षा, सार्वजनिक व्यवस्था, सार्वजनिक स्वास्थ्य वा नैतिकताको संरक्षण वा अरूको अधिकार तथा स्वतन्त्रताहरूको संरक्षणको हितमा आवश्यक प्रतिबन्धहरूबाहेक अन्य कुनै पनि प्रतिबन्धहरू लगाउन पाइने छैन। सैनिक बलका सदस्यहरू तथा प्रहरीका सदस्यहरूबाट यस अधिकारको प्रयोग गर्दा निजहरूउपर कानुनी प्रतिबन्धहरू लगाउन यस धाराले रोक लगाउने छैन।

१६ मानव अधिकार रक्षकहरूको घोषणापत्र, १९९८

अधिकार हुने र राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताको सम्मान प्रवर्द्धन र सचेतना अभिवृद्धि गर्ने व्यक्ति, समूह र सङ्गठनहरूको अधिकार र कर्तव्यलाई हरेक राष्ट्रले स्वीकार र सम्मान गर्नुपर्ने कुरा उल्लेख गरिएको छ।[१७] यस घोषणापत्रको धारा १ मा प्रत्येक व्यक्तिलाई व्यक्तिगत रूपमा र सामूहिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन तथा संरक्षण र परिपालनाका लागि प्रयास गर्ने अधिकार छ। यो प्रावधानले हरेक व्यक्ति व्यक्तिगत रूपमा वा सामूहिक रूपमा अन्तर्राष्ट्रिय दस्ताबेजमा उल्लेख गरिएका मानव अधिकारहरूको संरक्षण, परिपालना तथा वकालतमा निर्वाध रूपमा सक्रिय रहने अधिकारलाई प्रत्याभूत गरेको छ। यसको साथै धारा २ मा उल्लिखित मानव अधिकारहरूको परिपालना गर्नु वा गर्ने अवस्थाको सुनिश्चितता राज्यले गर्नुपर्ने दायित्वसमेत तोकिएको र यसको लागि आवश्यक उपायहरूको व्यवस्था पनि गर्नुपर्ने हुन जान्छ भनी राज्यको दायित्वको सम्बन्धमा उल्लेख गरिएको अवस्था छ। त्यसैगरी, धारा ५ मा प्रत्येक व्यक्तिलाई व्यक्तिगत रूपमा र सामूहिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको प्रवर्द्धन र संरक्षणका लागि निम्न अधिकार छ:

(क) शान्तिपूर्ण ढङ्गले भेटघाट वा सभा गर्ने।

(ख) गैरसरकारी संस्था, सङ्गठन वा समूहहरू गठन गर्ने, संलग्न र सहभागी हुने।

(ग) गैरसरकारी वा अन्तरसरकारी संस्थाहरूसँग संवाद गर्ने।

यस व्यवस्थाले यस कार्यमा लागेका सम्पूर्ण व्यक्ति तथा समुदायको हक र अधिकारको सुनिश्चित गरेको देखिन्छ। त्यसैगरी, प्रत्येक व्यक्तिलाई, व्यक्तिगत रूपमा र सामूहिक रूपमा निम्न अधिकार छ:

(क) अधिकार र स्वतन्त्रताका बारेमा राष्ट्रिय कानुनी, न्यायिक वा प्रशासनिक प्रणालीहरूमा कस्तो व्यवस्था गरिएको छ भन्नेबारे थाहा पाउनका लागि त्यस्ता सूचनासम्म पहुँच हुनेसमेत, सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताबारेका सूचना सम्बन्धमा जानकारी लिने, खोजी गर्ने, सङ्कलन गर्ने, प्राप्त गर्ने र राख्ने।

(ख) सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रतासम्बन्धी विचार, सूचना र ज्ञान मानव अधिकार र अन्य उपयुक्त अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा व्यवस्था गरिएबमोजिम स्वतन्त्र रूपमा प्रकाशन र प्रचार-प्रसार गर्ने।

१७ प्रस्तावना, मानव अधिकार रक्षकहरूको घोषणापत्र, १९९८

(ग) कानुन र व्यवहार दुवैमा सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पालनाका बारेमा अध्ययन र छलफल गर्ने तथा धारणा बनाउने र प्रकट गर्ने।

यी तथा अन्य उपयुक्त साधनद्वारा यस्ता विषयवस्तुप्रति सार्वजनिक ध्यानाकर्षण गर्ने भनी धारा ६ मा स्पष्ट रूपमा उल्लेख गरिएको छ। जुन व्यवस्था मानव अधिकारको विविध सम्मान तथा पालाना गर्न/गराउन सक्रिय व्यक्ति तथा समुदायको अधिकार भनी उल्लेख गरिएको छ। यस घोषणापत्रको धारा ७, ८ र ९ ले मानव अधिकारको संरक्षण, संवर्द्धन तथा पालानाको लागि आवश्यक सम्पूर्ण प्रक्रियाहरूको अवलम्बन वकालत आदिको अधिकारहरू हरेक व्यक्ति तथा समुदायले गर्न सक्ने तथा पाउने भनी परिभाषित गरेको छ। घोषणापत्रको धारा १२ मा मानव अधिकार रक्षकहरूको संरक्षण तथा सुरक्षाको जिम्मेवारी बहन गर्ने दायित्व राज्य तथा सरकारहरूलाई सुम्पिएको छ, जसको पालना गर्नु राज्यहरूको दायित्वको रूपमा रहन गएको छ। यस घोषणापत्रको धारा १६ ले व्यक्ति, गैरसरकारी संस्था वा अन्य समुदायलाई पनि मानव अधिकारको सर्वाङ्गीण विकासको लागि आवश्यक रूपमा पहल गर्ने जिम्मेवारी तोकिएको छ। धारा १८ र १९ मा सम्बन्धित सबै पक्षहरूको दायित्व तथा कर्तव्यको पनि अवगत गराएको छ। उपरोक्त तथा अन्य आवश्यक व्यवस्थाहरूको बारेमा उल्लेख गरिएको यस घोषणापत्र नै एउटा आधिकारिक तथा यस सम्बन्धमा मार्गनिर्देशन गर्ने दस्तावेजको रूपमा विश्वव्यापी रूपमा स्वीकार गरिएको पाइन्छ।

ङ) मानव अधिकार रक्षकहरूको लागि संयुक्त राष्ट्रसङ्घीय विशेष दूतको व्यवस्था

सन् २००० मा राष्ट्रसङ्घीय मानव अधिकार आयोगले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई विशेष प्रतिनिधिको नियुक्त गरी यस घोषणाको पालना सम्बन्धमा अनुगमन तथा यसको पालनाको लागि सहयोग गर्न भनी स्थापना गर्न अनुरोध गरेबमोजिम विशेष प्रतिनिधिको नियुक्ति[१८] भएको थियो। यो विशेष प्रतिनिधिको स्थापना भएपश्चात् विधिवत रूपमा संयुक्त राष्ट्रसङ्घीय संयन्त्रमा मानव अधिकार रक्षकहरूको विषयले प्रवेश पाएको थियो। सन् २००८ मा मानव अधिकार रक्षकहरूको अधिकार सुनिश्चित गर्नको लागि विशेष समाधीक्षकको नियुक्ति गर्ने व्यवस्थाको सिर्जना भयो,[१९]जसलाई

१८ https://www.ohchr.org/en/issues/srhrdefenders/pages/mandate.aspxI. CN.4/Res/2000/61)

१९ www2.ohchr.org.enghish/issue defendens_(Resdltion7/8 onthe mandate of spcial refpporteur on the studean of HRDs_

मानव अधिकार रक्षकहरूको अधिकारको हनन्लगायतका विषयमा उजुरी लिने र यसमा सरकार तथा अन्य सरोकारवालाहरूसँग जाँचबुझ तथा जानकारी लिने अधिकारहरू प्रदान गरिएको थियो।

मानव अधिकार परिषद्मा आवधिक रूपमा मानव अधिकार रक्षकहरूको समग्र वा स्थान विशेष अवस्थाको बारेमा प्रतिवेदन पेस गर्ने जिम्मेवारी पनि रहेकोले विश्वव्यापी रूपमा मानव अधिकार रक्षकहरूले उनीहरूको अधिकार हनन भएमा उजुरी गर्ने संयन्त्रको व्यवस्थाको सुरुआत गरिएको पाइन्छ । जुन व्यवस्था २००० मा नियुक्त गरिएको विशेष प्रतिनिधिलाई थिएन। यस विषयलाई अझ परिष्कृत गर्न मानव अधिकारको उच्चायुक्तको कार्यालय (OHCHR)ले Fact sheet[२०] जारी गरी मानव अधिकार रक्षकहरूको सैद्धान्तिक पक्षहरूको बारेमा प्रष्ट्याउन कोशिस गरेको थियो।

यसैगरी, मानव अधिकार रक्षकहरूको अवस्थालाई प्रत्येक राष्ट्रमा स्थानीय संयन्त्रमार्फत सम्बोधनलगायतको उद्देश्यले स्थापना भएको राष्ट्रिय मानव अधिकार संस्थाहरूसम्बन्धी निर्देशिका १९९३[२१] (जसलाई पेरिस सिद्धान्तको रूपमा चिनिन्छ)लाई महासभाबाट जारी भई कार्यान्वयन भइरहेको अवस्था पनि विद्यमान देखिन्छ।

२. राष्ट्रिय व्यवस्थाहरू

नेपालको संविधान तथा अन्य ऐनहरूले मानव अधिकार रक्षकहरूको सम्बन्धमा प्रत्यक्ष रूपमा कुनै व्यवस्थाहरू नगरेको भए पनि संविधान तथा अन्य विविध ऐन, कानुन तथा नीतिहरूमा मानव अधिकारको संरक्षण तथा संवर्द्धनसहित यसको पालनाको लागि केही व्यवस्थाहरू गरेकोले सोही आधारमा यसको व्याख्या तथा विश्लेषण गर्ने गरिएको पाइन्छ।

क) नेपालको संविधान, २०७२

नेपालको संविधानको प्रस्तावना, मौलिक हक तथा कर्तव्य, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी व्यवस्थालगायतका भागहरूमा मानव अधिकार तथा मौलिक स्वतन्त्रताका विषयहरूसहित मानव अधिकार रक्षकहरूको बारेमा अप्रत्यक्ष रूपमा उल्लेख गरिएको पाइन्छ। संविधानको प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारका मूल्य र मान्यतामा आधारित

२० www.ohchr.org.Dorumects/publization. feet sheet-29/.pdt

२१ राष्ट्रिय मानव अधिकार संस्थासम्बन्धी पेरिस सिद्धान्त, १९९३

राष्ट्र निर्माण गर्ने[३२] कुरा उल्लेख गरिएबाट के बुझ्न सकिन्छ भने मानव अधिकारको सम्मान, संरक्षण तथा यसको पालाना राज्यको उद्देश्य भएकोले मानव अधिकारको सम्मान तथा पालनामा क्रियाशील जोकोही भए पनि उनीहरूको संरक्षण गर्ने राज्यको दायित्व हुने कुरालाई घुमाउरो पाराले निर्दिष्ट गरिएको छ।

त्यसैगरी, संविधानको भाग ३ को धारा १७[३३] मा उल्लेख गरिएको स्वतन्त्रताको हकको व्यवस्थाले राज्यलाई नागरिकहरूको अधिकारको सम्मान गर्नुपर्ने दायित्व सुम्पिएको छ। जसमा उचित कारण र प्रक्रियाविना यस धारामा उल्लेख गरिएका स्वतन्त्रताहरूको हनन् वा वञ्चित गर्न नपाउने व्यवस्था गरिएको पाइन्छ। यी स्वतन्त्रताहरूको प्रयोग आफैँ वा अन्यको लागि पनि सहयोग तथा समन्वय गर्न पाउने व्यवस्थाको प्रत्याभूति गरिएको छ, जसमा मानव अधिकार रक्षकहरूको पनि स्वत:सिद्ध रूपमा संरक्षण र सम्मानको व्यवस्था समेटिएको देखिन्छ। यस प्रावधानहरूको उल्लङ्घन भएमा संविधानमा नै संवैधानिक उपचारको हकको[३४] पनि व्यवस्था गरिएको छ।

यसैगरी संविधानको धारा ५१ (ख) (२) र (३)[३५] मा राज्यका नीतिहरूको उल्लेख गरिएको जसमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयन गर्ने उल्लेख गरिएको अवस्था छ।

संविधानको धारा २४९ स्पष्ट रूपमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने व्यवस्थाले उल्लिखित विषयमा संस्थागत रूपमा यस आयोगले मानव अधिकार रक्षकको भूमिका निर्वाह गरिरहेको अवस्था देखिन्छ। उक्त आयोगले आफैँ वा आफ्नै पहलमा वा अन्य सरोकारवालाहरूको सहयोग वा समन्वय

---

३२ प्रस्तावना, नेपालको संविधान २०७२

३३ स्वतन्त्रताको हक: (१) कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन। (२) प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता हुनेछ: (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता।

३४ संवैधानिक उपचारको हक: यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ।

३५ (ख) राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीति: (२) मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, (३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूको कार्यान्वयन गर्ने।

गरेर यस संविधानद्वारा धारा २४९ मा उल्लेख गरिएको जिम्मेवारी बहन गर्नुपर्ने दायित्व पूरा गर्नपर्ने हुन जान्छ। यसको लागि संविधानमा नै यस आयोगले गर्न सक्ने काम तथा अधिकारहरूको बारेमा विभिन्न धारा र उपधारामा उल्लेख गरिएको छ।

संविधानको धारा २४९ को उपधारा (२) को (क) मा कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएमा पीडित आफैँ वा निजको तर्फबाट कसैले आयोगसमक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको वा आयोगको जानकारीमा आएको विषयमा छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्ने भन्ने व्यवस्थाले नै संविधानले अरू कुनै व्यक्तिहरूद्धारा पनि मानव अधिकारको उल्लङ्घन भएमा त्यसको विरुद्धमा उजुरी गर्ने, मानव अधिकार हननको विरुद्धमा आवाज उठाउन पाउने अधिकारलाई स्वीकार गरिएको पाइन्छ। यो प्रावधानको व्यवस्थाले मानव अधिकार रक्षकहरू जोकोही पनि बन्न सक्छन् र उनीहरूको मानव अधिकारको संरक्षण तथा विकासमा पुऱ्याउन सक्ने योगदानको पहिचान तथा कदर गरिएको अवस्था देखिन्छ। त्यसैगरी, धारा २४९ (घ)[३६] मा मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय तथा वकालतको लागि विभिन्न सरोकारवाला नागरिक समाजसँग समन्वय तथा सहकार्य गर्न सक्ने अधिकार तथा दायित्वको पनि उल्लेख भएकोले पनि मानव अधिकार रक्षकहरूको उपस्थिति तथा पहिचानलाई संवैधानिक रूपमा स्वीकार गरिएको अवस्था देखिन्छ।

राष्ट्रिय मानव अधिकार आयोगको पदाधिकारीहरूको नियुक्तिको लागि योग्यता सम्बन्धमा धारा २४८ को (६) मा मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा क्रियाशील व्यक्तिहरू हुनुपर्ने भन्ने व्यवस्थाले संविधानले अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको पहिचान तथा उनीहरूको कार्यलाई स्वीकार गरेको भनी ब्याख्या गर्न सकिन्छ, जुन व्यवस्थाले मानव अधिकार रक्षकहरूको योगदान र पहिचानलाई सम्मान गरेको देखिन्छ।

संविधानको धारा २५२ को (६) को (क) पनि राष्ट्रिय महिला आयोगको पदाधिकारीहरूको नियुक्तिको लागि कम्तीमा १० वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको महिला भनी मानव अधिकार तथा महिला अधिकारमा क्रियाशील व्यक्तिहरूको चयन हुने कुरा उल्लेख छ। यसबाट पनि विगत लामो समयदेखि मानव

---

३६ मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने।

अधिकार तथा महिला अधिकारको क्षेत्रमा सक्रिय महिला मानव अधिकार रक्षक वा मानव अधिकारकर्मीहरूको भूमिकालाई संविधानले पहिचान तथा सम्मान गरेको देखिन्छ।

यस्तै व्यवस्था संविधानको धारा २५५ (६) (क)[२७] दलित आयोगको सन्दर्भमा पनि रहेको छ भने धारा २५८[२८] को राष्ट्रिय समावेशी आयोगको पदाधिकारीको योग्यतामा पनि अन्य विषयको अलावा मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरूको नियुक्तिको व्यवस्थाले यस संविधानमा हरेक अधिकारमुखी आयोगहरूमा मानव अधिकार रक्षकहरूको उपस्थितिलाई अनिवार्य जस्तै बनाइएको पाइन्छ। यी आयोगहरूका पदाधिकारीहरूको नियुक्तिको व्यवस्थाले नेपालमा मानव अधिकार रक्षकहरूको पहिचान, सम्मान तथा संरक्षणमा राज्यको संवैधानिक प्रतिबद्धता तथा यस सम्बन्धमा भएका अन्तर्राष्ट्रिय कानुनहरूमा सोही विषयमा उल्लेख गरेका प्रावधानहरूको पालानातर्फ उन्मुख भएको अवस्था देखिन्छ।

ख) यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३

यस ऐनको दफा ५ मा यातना पाएको व्यक्तिले जिल्ला अदालतमा उजुरी गर्न सक्ने व्यवस्था गरेको छ। दफा ५ को उपदफा (२) र (३) मा क्रमश: यातना पाउने व्यक्तिको मृत्यु भएमा वा कुनै कारणले उजुरी दिन नसकेमा परिवारका सदस्य वा कानुन-व्यवसायीले समेत उजुरी दिन सक्ने व्यवस्था गरेकोले यस ऐनको सन्दर्भमा कानुन-व्यवसायीलाई मानव अधिकार रक्षार्थ क्रियाशील मानव अधिकार रक्षकको दर्जा दिइएको छ। जुन व्यवस्था मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र १९९८ को उद्देश्यअनुरूप हुन गएको छ।

ग) मानव अधिकार आयोग ऐन, २०६८

यस ऐनको प्रस्तावनाले नै मानव अधिकारलाई संस्थागत रूपमा मानव अधिकार रक्षकको भूमिका प्रदान गरेको छ। मानव अधिकारको संरक्षण संवर्द्धन तथा त्यसको कार्यान्वयनका सुनिश्चितता नै मानव अधिकार रक्षकको भूमिका

---

२७ कम्तीमा १० वर्ष दलित समुदायको हकहत वा मानव अधिकार र कानुनको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको दलित।

२८ कम्तीमा १० वर्ष सामाजिक समावेशीकरण, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक एवम् सिमान्तीकृत समुदाय तथा पिछडिएको क्षेत्र र वर्गको हक, हित वा विकास वा मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको।

भएको र सोही कार्यहरू यस ऐनमा उल्लेख भएकोले आयोगलाई संस्थागत रूपमा मानव अधिकार रक्षकको रूपमा हेर्न सकिन्छ जसलाई कानुनबाट पहिचान दिइएको छ। त्यसैगरी, यस ऐनको दफा ४ मा आयोगको काम कर्तव्य र अधिकार उल्लेख गरिएको जुन व्यवस्थाहरू मानव अधिकार रक्षकको अधिकार र दायित्व सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार रक्षकसम्बन्धी १९९८ को घोषणापत्र अनुकूल देखिन्छ। त्यसैगरी यस ऐनको दफा १० मा मानव अधिकार उल्लङ्घनमा पीडितबाहेक पनि अन्य व्यक्तिहरूले पनि उजुरीको प्रक्रियालाई अवलम्बन गर्न सक्ने व्यवस्थाले अप्रत्यक्ष रूपमा मानव अधिकार रक्षकको पहिचानलाई ऐनद्वारा स्वीकार गरिएको रूपमा लिनुपर्ने हुन्छ। त्यसैगरी, दफा २० मा आयोगले सङ्घसंस्थासँग सम्पर्क र सम्बन्ध कायम गर्न सक्ने भन्ने व्यवस्थाबमोजिम मानव अधिकारको संरक्षण र संवर्द्धनसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग सहयोग आदानप्रदान गर्न सक्ने भन्ने व्यवस्थाले मानव अधिकार क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूको सम्मान, पहिचान तथा आवश्यकताको बारेमा ऐनमा उल्लेख गरी मानव अधिकार रक्षकको सक्रियतापूर्वक कार्य गरिरहेका सरोकारवाला सङ्घसंस्थाहरूलाई कानुनी रूपमा नै स्वीकार गरिएको अवस्था देखिन्छ।

घ) बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

यस ऐनको दफा ३ मा आयोगको गठनको व्यवस्था गरिएको छ। दफा ३ को उपदफा (३) मा एक सिफारिस समिति गठन गरिने र सो समितिका सदस्यहरूमा मानव अधिकार आयोगको पदाधिकारी र मानव अधिकारकर्मीहरू सम्मिलित सिफारिस समिति बनाउनुपर्ने प्रावधान रहेको छ। यसबाट मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्तिहरू पनि राज्यको कानुनबाट सम्मानित तथा संरक्षित हुनुपर्छ। यो पेसा तथा कर्ममा लागेका व्यक्तिहरूको संरक्षणको दायित्व राज्यसँग रहन जानेछ भन्ने सन्देश प्रवाह भएको छ।

त्यसैगरी, यस ऐनको दफा ४ मा आयोगको अध्यक्ष र सदस्यको योग्यतालाई उपदफा (घ) मा उल्लेख गरी मानव अधिकार लगायतका क्षेत्रमा कार्य गरेको व्यक्ति भनी तोकिएबाट पनि लामो समयदेखि मानव अधिकारकर्मीको रूपमा क्रियाशील व्यक्तिहरूको नियुक्तिको व्यवस्थाले यस क्षेत्रमा कार्यरत व्यक्तिहरूमा पहिचान तथा सम्मान भएको देखिन्छ। यस ऐनको दफा १३ को उपदफा (६) बमोजिम मानव अधिकारको उल्लङ्घन भएको घटनामा पीडितबाहेक पनि जोसुकैले उजुरी दिन सक्ने

व्यवस्थाले मानव अधिकार रक्षकको अस्तित्वलाई स्वीकार गरी उनीहरूको पेसालाई सम्मानित गरेको देखिन्छ। त्यसैगरी आयोगको मानव अधिकार उल्लङ्घनको विषयमा सहयोग गर्ने व्यक्तिहरूको सुरक्षाको दायित्वलाई यस ऐनको दफा १७ मा उल्लेख गरिएको छ, जुन व्यवस्थाले मानव अधिकार रक्षकहरूको सुरक्षा तथा संरक्षणमा राज्यको निकाय नै संलग्न हुनुपर्ने दायित्वको सिर्जना भएको छ। यस ऐनको दफा ३१ मा आयोगले आफ्नो कामको सहयोगको लागि सम्बन्धित क्षेत्रका विज्ञहरू समावेश गरी उपसमिति वा टोली निर्माण गर्न सक्ने व्यवस्था गरिएको छ फलस्वरूप मानव अधिकार रक्षकहरू उक्त समितिमा चयन हुने भई उनीहरूको पेसा तथा कार्यहरूको मूल्याङ्कन हुने देखिन्छ।

ङ) मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय (प्रस्तावित) कार्य योजना २०७६-२०८०

यस कार्ययोजनाले ५ वर्षको अवधिमा मानव अधिकारको सम्मान, संरक्षण तथा परिपालनामा विविध क्षेत्रहरूमा कार्य गर्ने गरी विस्तृत रूपमा सम्बन्धित निकायको जिम्मेवारीसहित योजना सार्वजनिक गरेको छ। यसरी तोकिएका क्षेत्रहरूको कार्यान्वयनमा सम्बन्धित मन्त्रालय, विभाग तथा सरकारी निकायको अलवा मानव अधिकार रक्षकहरूको रूपमा परिचित नेपाल पत्रकार महासङ्घ, नेपाल बार एशोसियसन, उपभोक्ता सङ्घहरू, नागरिक समाज आदिको भूमिकालाई पनि पहिचान तथा दायित्वबोध गराइएको छ। यसबाट पनि मानव अधिकारका विषयहरूलाई कार्यान्वयन गर्न सरकारी आधिकारिक नीति तथा योजनाहरूमा पनि मानव अधिकार रक्षकहरूको पहिचान तथा भूमिकालाई लिपिबद्ध गरी स्वीकार गरिएको अवस्था देखिन्छ।

च) कोभिड-१९ को सन्दर्भमा मानव अधिकार रक्षकहरूको सुरक्षा सम्बन्धित राष्ट्रिय नीति तथा कार्यक्रमहरू

१) "नोभल कोरोना रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति गठन।

२) "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत, सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६ पारित।

३) कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका, २०७६ जारी।

४) गैरसरकारी तथा व्यक्तिगत रूपमा पनि स्वास्थ्य क्षेत्रमा खटिरहेका स्वास्थ्यकर्मीहरूलाई पनि कोभिड-१९ को उपचारलगायत आवश्यक स्वास्थ्य कार्यमा संलग्न गराउने र उनीहरूलाई पनि सरकारी सेवामा रहेका अन्य स्वास्थ्यकर्मीहरूसरहको तलब, भत्ता, तथा बीमाको व्यवस्था गर्ने सम्बन्धमा मिति २०७६ चैत २४ मन्त्रिपरिषद्को निर्णय।

५) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरूलाई व्यक्तिगत स्वास्थ्य सरक्षाका उपकरण एवम् सामग्रीहरू र प्रोत्साहनको विशेष व्यवस्था गर्ने मन्त्रिपरिषद् को २०७७ वैशाखको निर्णय।

६) कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको कार्यमा र संलग्न चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरूको सरक्षाको उचित प्रबन्ध गृह मन्त्रालयले मिलाउने तथा यसको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूको कार्यमा बाधा विरोध गर्ने व्यक्तिहरूलाई कार्यस्थलमा खटिएका सुरक्षाकर्मीहरूको कार्यसम्पादनमा बाधा, विरोध गर्नेलाई हुनेसरहको प्रचलित कानुनबमोजिमको कारबाही गर्ने भनी मन्त्रिपरिषद्को २०७७ वैशाखको निर्णय।

७) विश्वशान्तिका प्रतीक गौतम बुद्धको जन्म, मृत्य तथा बुद्धत्व प्राप्त भएको दिनको अवसरमा विश्वशान्तिको कामना गर्दै कोरोना महामारीविरुद्धको लडाइँमा अग्रपङ्क्तिमा खटिरहेका चिकित्सक, नर्स, स्वास्थ्यकर्मीलगायत स्वयम्सेवकहरूप्रति उच्च सम्मानसहित हौसला प्रदान गर्नलगायतका कार्यको लागि आआफ्नो स्थानमा दीप-प्रज्ज्वलन गर्न सबै नागरिकहरूमा आह्वान गरिएको मिति २०७७ वैशाख ३० को मन्त्रिपरिषद्को निर्णय।

८) कोरोना भाइरसको सङ्क्रमणको उपचारमा संलग्न चिकित्सकको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ मन्त्रिपरिषद्बाट मिति २०७७ वैशाख १४ गते पारित।

कोभिड-१९ मा मानव अधिकार रक्षकहरूको अवस्था तथ्यगत विश्लेषण

मानव अधिकार रक्षकको परिभाषाले व्यापक क्षेत्रलाई समेट्दछ तर यस अध्ययनमा स्वास्थ्यकर्मी, सञ्चारकर्मी र मानव अधिकारकर्मी गरी तीन प्रकारका मानव अधिकार रक्षकहरूको अवस्थालाई मात्र समावेश गरिएको छ। यस अध्ययनमा सर्वेक्षण गरिएका स्थानहरूमा प्रदेश नं. २ को धनुषा र रौतहट, लुम्बिनी प्रदेशको दाङ र बाँके, कर्णाली प्रदेशको सुर्खेत र जुम्ला तथा सुदूरपश्चिम प्रदेशको कैलाली र डडेल्धुरा जिल्लाहरू रहेका छन्।

१. मानव अधिकार रक्षकको रूपमा क्रियाशील स्वास्थ्यकर्मीहरू

स्वास्थ्य जीवनसहित प्रत्येक मानिसको बाँच्न पाउने अधिकार निर्विवाद विषय हो। वर्तमान महामारीमा वा जस्तोसुकै अवस्थामा पनि स्वास्थ्यलाभ गर्न पाउने वा बाँच्न पाउने मानिसको नैसर्गिक अधिकार हो। मानिसको बाँच्न पाउने अधिकारको संरक्षणमा स्वास्थ्यकर्मीहरूको अहम् भूमिका रहन्छ, जसको संयोजन तथा सहजीकरण राज्य वा सरकारको रूपमा गरिएको हुनुपर्छ। हरेक स्वास्थ्य समस्यामा जुधिरहेको मानिस होस वा वर्तमान कोभिड-१९ को अवस्थामा पनि स्वास्थ्यकर्मीहरूले बिरामीसँग प्रत्यक्ष सम्पर्कमा रहेर सेवा प्रदान गर्नुपर्ने भएकोले उनीहरू आफैँ र तिनका परिवारका सदस्यहरू पनि सङ्क्रमणलगायत अन्य रोगहरूको उच्च जोखिममा हुन्छन्। कोभिड-१९ को महामारीको वर्तमान अवस्थामा ठूलो सङ्ख्यामा स्वास्थ्यकर्मीहरू र तिनका परिवारका सदस्य यस रोगको सङ्क्रमणबाट प्रभावित भएका र केहीको मृत्युसमेत भएको पाइएको छ। सङ्क्रमणको समयमा बिरामीको सङ्ख्या बढ्ने तर चिकित्सकीय साधन र स्रोतको अभाव हुने, कार्यबोझ थपिने, सुविधाहरू भने अपर्याप्त हुने अवस्था अहिले पनि छ।

यस अध्ययनमा विभिन्न सरकारी, स्थानीय तह तथा निजी स्वास्थ्य संस्थाहरूमा काम गर्ने डाक्टर, नर्स, विशेषज्ञ, प्राविधिक, व्यवस्थापक तथा स्वास्थ्य सेवाको क्षेत्रमा प्रत्यक्ष रूपमा कृयाशील व्यक्तिहरू गरी जम्मा ३४ जनासँग सम्पर्क गरी व्यक्तिगत प्रश्नावली र लक्षित समूह छलफलको माध्यमबाट तथ्यहरू सङ्कलन गरिएको थियो।

अध्ययनको क्रममा सम्पर्क गरिएका सबै स्वास्थकर्मीहरूले कोभिड-१९ को प्रकोप सुरु भएपछि काम गर्ने वातावरण असहज भएको उनीहरूको बताए। उनीहरूमा शारीरिक र मानसिक दबाबको अवस्था सिर्जना भएको पाइएको छ। खासगरी यस किसिमको महामारीमा काम गर्ने अनुभव नभएको कारणले पनि कतिपय अवस्थामा र कतिपयले व्यक्तिगत रूपमा पनि अप्ठ्यारो भएको उनीहरूको भनाइ छ। बिरामीको उपचार गर्दा आफू र परिवार नै सङ्क्रमणको जोखिममा पर्ने डर सबै स्वास्थ्यकर्मीमा रहेको छ। यसबाट उनीहरू आफैँ त्रसित भएर सेवा प्रदान गरेको पाइन्छ।

कोभिड-१९ पछिको अवस्थामा बिरामीको स्वास्थ्य उपचार गर्दा पहिलाको जस्तो बिरामीसँग हेलमेल नगरी निश्चित मापदण्ड तथा दूरी कायम गरी उपचार प्रदान गर्नुपर्ने कारणले राम्रो उपचार नगरेको भनी बिरामी तथा तिनका आफन्तहरूबाट दुर्व्यवहार सहनु परेको र धम्की आएको भनी केही स्वास्थ्यकर्मीहरूले बताएका थिए। स्वास्थ्य मापदण्ड अपनाएर बिरामीको स्वास्थ्य उपचार गर्नुपर्ने बाध्यता भएकोले बिरामीका कुरुवाहरूले समेत स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार गर्ने, गाली गर्ने गरेको अवस्था छ। उपचारको क्रममा बिरामीको मृत्यु भएमा स्वास्थ्यकर्मीमाथि आरोप लाग्ने, आक्रमण हुने र दुर्व्यवहार हुनेजस्ता घटनाहरूसमेत भएको पाइएको छ।

कोभिड-१९ को महामारीमा काम गर्दा मास्क, स्यानिटाइजर, पीपीइ तथा ग्लोब्स, जुत्ताजस्ता स्वास्थ्य सुरक्षात्मक सामग्रीको अनिवार्य प्रयोग गर्नुपर्नेमा त्यस्ता सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध नहुने र पाइएका सामग्रीहरू पनि गुणस्तरीय नहुँदा आफ्नो, बिरामी र परिवारको समेत स्वास्थ्य जोखिम भएको भन्ने अधिकांश स्वास्थ्यकर्मीहरूको भनाइ रहेको छ। केही स्वास्थ्यकर्मीले स्वास्थ्य संस्थाबाट सेवा प्रदान गर्दा मास्कलगायतका स्वास्थ्य सुरक्षा सामग्री आफैँले खरिद गर्नुपरेको बताएका छन्। कतिपय स्वास्थ्यकर्मीले मास्क समय-समयमा परिवर्तन गरिरहनुपर्नेमा चार दिनसम्म पनि एउटै मास्क लगाएर काम गर्नुपरेको उल्लेख गरेका छन्। केही स्वास्थ्यकर्मीले पीपीइजस्ता स्वास्थ्य सुरक्षा सामग्री आलोपालो लगाएर काम गर्नुपर्ने अवस्था आएको समेत जानकारी गराएका छन्।

सरकारले कोरोना सङ्क्रमितको उपचारमा खटिने स्वास्थ्यकर्मीलाई राहतको व्यवस्था गर्ने घोषणा गरेको भए पनि त्यसको व्यवस्थित कार्यान्वयन भएको पाइएन। सम्पर्क गरिएका अधिकांश स्वास्थयकर्मीहरूले १ लाख रुपियाँसम्मको बीमाको व्यवस्था भएको र केहीले भने बीमा गरिएको भन्ने सुनेको भए पनि आफ्नो बीमा भएको बारे जानकारी नपाएको बताएका छन्। यस्तै नेपाल सरकारअन्तर्गतका स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मीहरूले जोखिम भत्ता पाएको तर निजी र स्थानीय तहअन्तर्गत काम गर्ने स्वास्थ्यकर्मीहरूले जोखिम भत्तालगायत कुनै प्रकारको भत्ता नपाएको जनाएका छन्। निजी क्षेत्रअर्न्तगतको स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मीले कुनै अतिरिक्त सुविधा नपाएकोले विभेदको अनुभूति गरेको पाइएको छ। यस्तो क्षेत्रमा काम गर्ने केही स्वास्थ्यकर्मीले आफ्नो ५० प्रतिशतसम्म आम्दानी कटौती भएको बताएका छन्। स्थानीय निकायअन्तर्गतको स्थास्थ्य संस्थामा काम गर्ने एक स्थास्थ्यकर्मीले स्थानीय तहले महिनामा पाँच दिन बाराबरको तलब कटौती गरेको जानकारी दिएका छन्। नेपालगञ्जमा निजी स्वास्थ्य संस्थामा काम गर्ने केही स्वास्थ्यकर्मीले समयमा तलबसमेत नपाएको जनाएका छन्।

अधिकांश स्वास्थ्यकर्मीहरूले कोभिड-१९ को जोखिमका बिच काम गर्नुपर्ने अवस्थामा समुदायबाट विभिन्न प्रकारका विभेद, धम्की र दुर्व्यवहार भएको बताएका थिए। "स्वास्थ्यकर्मीबाट कोरोना सर्छ" भन्ने मानिसकता समाजमा भएको कारण यस्तो अवस्था आएको उनीहरूको बुझाइ रहेको पाइयो। खासगरी बहालमा बस्ने स्वास्थ्यकर्मीहरूलाई डेराबाट निकालिने र धम्की दिनेजस्ता घटनाहरूको कारण कतिपय स्वास्थ्यकर्मीहरू बाध्य भई होटलमा बस्नुपरेको समेत पाइयो। समुदायका मानिसहरूले स्वस्थ्यकर्मी देखेपछि "कोरोना आयो" भन्ने र दैनिक उपभोग्य सामग्री खरिद गर्नसमेत अरूलाई पठाउनुपर्ने अवस्था आएको बताए। महामारीको समयमा आफ्नो जीवन जोखिममा पारेर उपचारमा खटिने स्थास्थ्यकर्मीलाई सम्मानपूर्ण व्यवहार गर्नुपर्नेमा छरछिमेकमा समेत कोरोना लिएर आयो भनेर हेर्ने गरेको भन्ने स्वास्थ्यकर्मीहरूको भनाइ छ। समुदायका व्यक्तिहरूले स्वास्थ्यकर्मीसँग बोल्नसमेत नचाहने, परिवारलाई समेत दुव्यर्ववहार गर्नेजस्ता घटनाका कारण स्वास्थ्यकर्मीहरूले थप मानसिक दबाब खेप्नुपरेको पाइएको छ। समुदायका मानसिहरूले आइसोलेसन बनाउदा समाजले अवरोध गरेको तथा अस्पतालको गाडी घेरेर दुर्व्यवहार गरेका घटनासमेत पाइएको छ। रौतहटमा समुदायमा कोरोना परीक्षण गर्न जाँदा कोरोनाको गलत नतिजा दिएको

भनी समुदायका मानिसहरूले स्वास्थ्यकर्मीलाई घेर्ने, दुर्व्यवहार गर्ने, गाली बेइज्जती गर्ने, आक्रमण समेत गरेको पाइएको छ। नेपालगञ्जका एक स्वास्थ्यकर्मीले आइसोलेसनमा काम गर्दा सामाजिक बहिष्करणमा परेको बताएका छन्।

अधिकांश स्वास्थ्यकर्मीहरूले कोभिड-१९ सुरु भएपछि सरकारी अधिकारी तथा सुरक्षा निकायबाट कुनै प्रकारको दबाब वा दुर्व्यवहार नभएको बताए तर बन्दाबन्दीको अवस्थामा सुरक्षाकर्मीले बाटोमा रोकेर अनावश्यक केरकार गरेको भन्ने पाइयो। कोभिड-१९ परीक्षणको लागि राजनीतिक दलका नेता, कार्यकर्ता एवम् स्थानीय तहका जनप्रतिनिधिहरूबाट दबाब तथा धम्की आएको पाइएको छ। कोभिड परीक्षण स्पष्ट मापदण्ड र नीतिको आधारमा हुनुपर्नेमा पहुँचको आधारमा भइरहेको स्वास्थ्यकर्मीहरूको बुझाइ रहेको पाइयो। एक जना स्वास्थ्यकर्मीले खेलकुद प्रतियोगिता गर्न मिल्दैन भन्दा जनप्रतिनिधिसमेतबाट धम्की आएको र प्रहरीमा उजुरी गर्दासमेत कुनै सुनुवाइ नभएकोले विस्थापित हुनुपरेको बताए। सम्पर्क गरिएका कुनै पनि स्वास्थ्यकर्मीले आफूमाथि लैङ्गिक हिंसाका घटनाहरू नभएको तर एक जना स्थास्थ्यकर्मीले यस्ता घटना भएको आफूले जानकारी पाएको जनाए।

स्वास्थ्यकर्मीहरूले समाजमा जनचेतना फैलाउने सामग्री पर्याप्त नभएकोले एकातिर समाजमा कोरोना भाइरसरको प्रभाव बढ्दै गएको र अर्कोतिर त्यसको दबाब स्वास्थ्यकर्मीमाथि परेको बताए। सरकारले उचित रूपमा व्वस्थापन गर्न नसक्दा त्यसको दबाब स्वास्थ्यकर्मीमाथि परेको उनीहरूको बुझाइ रहेको पाइयो। कोभिड-१९ को समयमा बिदा नपाउने, सार्वजनिक बिदाको दिन पनि काम गर्नुपर्ने, परिवार र आफन्तसँग भेटघाट गर्न नपाएको कारणले जीवनशैलीमा नै परिवर्तन आएको भन्ने स्वास्थ्यकर्मीहरूको भनाइ रहेको पाइयो।

सर्वेक्षणको क्रममा गरिएका अन्तरक्रियाहरूबाट कोभिड-१९ को महामारीमा समयमा स्वास्थ्यकर्मीहरूले आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक एवम् नागरिक अधिकारको उपभोगमा विभिन्न प्रकारका अवरोधहरूको सामना गर्नु परिरहेको वताएका छन्। सुरुमा यस्ता समस्या अधिक भए पनि पछिल्लो समयमा स्वास्थ्य सुरक्षा सामग्रीहरूको उपलब्धता बढेको, महामारीमा काम गर्ने अनुभव बढ्दै गएको र समाजमा पनि जनचेतना बढ्दै गएकोले समस्याहरू कम हुँदै गएको पाइएको छ। समाजमा कोरोना भाइरसको सङ्क्रमण दर बढ्दै गएको र त्यसको व्यवस्थापनमा नेपाल

सरकारको योजनावद्ध कार्यक्रम नभएकोले त्यसको दबाब आफूमाथि परेको उनीहरूको अनुभव रहेको छ।

मानव अधिकार रक्षकहरूको घोषणापत्रले गरेको व्याख्याले मानिसको स्वास्थयको अधिकारजस्तो आधारभूत मानव अधिकारको संरक्षणमा अग्रपङ्क्तिमा खटिने स्वास्थ्कर्मीहरूलाई मानव अधिकार रक्षकको परिभाषाभित्र समेटेको पाइन्छ। अध्ययनको क्रममा सम्पर्क गरिएका अधिकांश स्वास्थ्यकर्मीहरूले भने आफू पनि मानव अधिकार रक्षक र मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्रको बारेमा जानकारी नभएको बताएका छन्। मानव अधिकार सम्बन्धित कार्यक्रम तथा तालिमहरूमा भाग लिने अवसर नपाएको उनीहरूको भनाइ छ ।

२. मानव अधिकार रक्षकको रूपमा सञ्चारकर्मी

महामारीको समयमा जनचेतनाको अभिवृद्धि, अवस्थाको विश्लेषण एवम् घटनाहरूको प्रकाशन तथा प्रशारणको माध्यमबाट सञ्चारकर्मीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। अध्ययनको क्रममा पत्रपत्रिका, रेडियो, टेलीभिजन एवम् अनलाइनलगायतका विभिन्न सञ्चारमाध्यमहरूमा कार्यरत २१ जनासँग सम्पर्क गरी व्यक्तिगत प्रश्नावली र लक्षित समूह छलफलको माध्यमबाट तथ्यहरू सङ्कलन गरिएको छ।

सम्पर्क गरिएका सबै सञ्चारकर्मीहरूले कोभिड-१९ को महामारी सुरु भएपछि स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर जोखिमबाट बच्न आमनागरिकलाई सुसूचित गराउँदै आएको बताएका छन्। महामारीको रोकथामको लागि गरिएको बन्दाबन्दीको बिच पनि प्रकाशन र प्रशारणका माध्यमबाट जनतालाई सुसूचित गराउने कामलाई निरन्तरता दिएको उनीहरूको भनाइ रहेको छ। सबै जिल्लाका सञ्चारकर्मीहरूले कोभिड-१९ को प्रकोप सुरु हुनुभन्दा पछाडि दैनिक जीवन र कामको अवस्थामा व्यापक परिवर्तन आएको बताए। अहिले स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाएर काम गर्नुपर्ने अवस्था रहेको छ। केही सञ्चारगृहहरूले मास्क, स्यानिटाइजरलगायतका स्वास्थ्य सुरक्षा सामग्रीहरू उपलब्ध गरएको भए पनि सबै सञ्चारगृहहरूले नगराएकोले आफ्नै खर्चमा खरिद गर्नुपरेको उनीहरूको भनाइ रहेका पाइएको छ। महामारीको कारण प्रत्यक्ष भेटघाट र स्थलगत रूपमा समाचार सङ्कलन गर्न कठिनाइ भएको पाइएको छ। यसैगरी यस अवधिमा सरकारी निकायबाट सूचना पाउन कठिनाइ भएको र अधिकारीहरूले कोरोनाको कारण

देखाइ सूचना दिन नसक्ने बताउने गरेको भन्ने अधिकांश सञ्चारकर्मीको भनाइ रहेको छ।

सञ्चारकर्मीहरूले राहत वितरणमा भएका अनियमितता, आइसोलेसन केन्द्रमा भएका अनियमितता एवम् घटनाहरूको समाचार प्रकाशन तथा प्रसारण गरिरहेको बताए। उनीहरूले सङ्क्रमणको अवस्था, सङ्क्रमितहरूको परीक्षण, उपचार र व्यवस्थापनको बारेमा समेत समाचार सम्प्रेषण गरिरहेको पाइएको छ। त्यसैगरी समाचार सङ्कलनको लागि उनीहरूलाई समस्या परेको, समाचारका स्रोतहरू सीमित भएको, प्रत्यक्ष रूपमा समाचार सङ्कलन गर्न नसकेर अरूहरूको भरमा समाचार सङ्कलन गर्न परेकोले समाचारको सत्यता तथा निष्पक्षतामा पनि शङ्का रहने ठाउँ भएको पनि बताए। आफू र आफ्नो परिवार नै जोखिममा पर्न सक्ने भएकोले त्रसित भएर काम गरिरहनुपरेको उनीहरूको भनाइ रहेको छ। पत्रकारहरू नै सङ्क्रमित हुन थालेपछि सूचना दिने व्यक्तिहरूसमेत सशङ्कित हुन थालेकोले काम गर्ने वातावरण असहज भएको पाइएको छ।

केही सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीको कोभिड-१९ बीमा भएको तर, सबै सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीको बीमा नभएकोले विभेदको अवस्था रहेको सञ्चारकर्मीहरूको भनाइ रहेको छ। पत्रकार महासङ्घले महासङ्घमा आबद्ध पत्रकारहरूको लागि १ लाख कोरोना बीमाको लागि सहयोग गरेको पाइएको छ।

त्यसैगरी केही सञ्चारकर्मीहरूले महामारीको सुरुको अवस्थामा भएको बन्दबन्दीको अवस्थामा प्रेसमा काम गर्ने कामदार आएर काम गर्न नसक्ने भएपछि पत्रपत्रिका प्रकाशन गर्न नसक्दा सामाजिक सञ्जालबाट सूचना प्रवाह गर्नुपर्ने अवस्था आएको बताएका छन्। महामारी र बन्दाबन्दीको बिच निजी क्षेत्रका सञ्चारमाध्यमहरूले पाउने विज्ञापनको दर घट्दा सञ्चारकर्मीलाई पारिश्रमिक दिन नसिकएको र पाएकाले पनि कतिपयलाई कम पाएको जनाएका छन्। केही सञ्चारमाध्यमहरू बन्दसमेत भएकोले कार्यरत सञ्चारकर्मीहरूको रोजगारीसमेत गुमेको पाइएको छ। महामारीको कारण समाचारपत्रहरूको पृष्ठ सङ्ख्या घट्दा सम्प्रेषित सञ्चार सामग्रीको आधारमा पारिश्रमिक पाउने सञ्चारकर्मीको आयश्रोतमा ठूलो कटौती भएको पाइएको छ। राज्यबाट कुनै प्रकारको राहत नपाएको कारण महामारीको समयमा सञ्चारमाध्यमहरू सञ्चालन गर्न समेत कठिनाइ भएको समेत जानकारी प्राप्त भएको छ।

बन्दाबन्दीको अवस्थामा कर्णाली प्रदेशमा मात्र पाँच दर्जनभन्दा बढी सञ्चारमाध्यमहरू बन्द भए। जसकाकारण ८० जनाभन्दा बढी सञ्चारकर्मी र ६० जनाभन्दा बढी मिडिया हाउसमा कार्यरत कर्मचारीहरूले रोजगारी गुमाए। बन्दाबन्दीपछि पनि एक दर्जनभन्दा बढी सञ्चारमाध्यमहरू सञ्चालनमा आउन सकेका छैनन्। नेपाल पत्रकार महासङ्घ कर्णाली प्रदेश समितिले यसरी बन्द भएका सञ्चारमाध्यमहरू पुन: सञ्चालनमा ल्याउन र रोजगारी गुमाएका सञ्चारकर्मीलाई राहत प्रदान गर्न सरकारसँग ५० लाख रुपियाँ बजेट माग गरेको र त्यसको प्रक्रिया जारी रहेको प्रदेश सरकारले जनायो। कैलाली जिल्लामा यस अवधिमा कार्यक्षेत्रमा खटिएको अवस्थामा विभिन्न समूहरूबाट धम्की, कुटपिट तथा आक्रमण भएको र सम्बन्धित निकायमा उजुरी दिए पनि न्याय नपाएको सञ्चारकर्मीहरूको भनाइ छ। जनकपुरमा प्रहरीले रिपोर्टिङको क्रममा सञ्चारकर्मीमाथि कुटपिट गरेको बुझिएको छ। सुर्खेतमा पनि प्रहरीले सञ्चारकर्मीलाई सूचना सङ्कलन गर्न अवरोध गरेको पाइएको छ।

महामारीको सुरुको समयमा आफूसमेत सङ्क्रमित हुनसक्ने भयले अत्यधिक त्रसित भएको र बन्दाबन्दीको अवस्थासमेत भएकोले काम गर्न धेरै कठिनाइ भएको भन्ने अधिकांश सञ्चारकर्मीको भनाइ रहेको छ। पछिल्लो समयमा स्वास्थ्य सुरक्षा सामग्री उपयोग गरेर काममा अभ्यस्त हुन थालेको तर कोभिड-१९ को महामारी भन् फैलिरहेकोले काम गर्ने वातारण प्रतिकूल रहेको उनीहरूको बुझाइ छ। यस विषम अवस्थामा जनताको सुसूचित हुन पाउने अधिकारको संरक्षणको लागि जोखिमबिच काम गर्नुपर्ने अवस्था रहेको उनीहरूको भनाइ छ।

अधिकांश सञ्चारकर्मीले मानव अधिकार तथा मानव अधिकार रक्षकसम्बन्धी स्थानीय तथा जिल्लास्तरमा भएका कार्यक्रमहरूमा सहभागी भए पनि मानव अधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९८ को बारेमा खासै थाहा नभएको बताएका छन्।

३. मानव अधिकारकर्मीहरू

वर्तमान महामारीको अवस्थामा मानव अधिकार उपभोगको अवस्था थप चुनौतीपूर्ण बनेको पाइयो। वर्तमान अवस्थामा मानव अधिकारको अनुगमन, अनुसन्धान एवम् वकालतको माध्यमबाट मानव अधिकार रक्षकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन्। अध्ययनको यस शीर्षकमा मानव अधिकारको अवस्थाको अनुगमन,

अनुसन्धान र वकालतको क्षेत्रमा प्रत्यक्ष रूपमा क्रियाशील व्यक्तिहरूलाई समावेश गरिएको छ।

सम्पर्क गरिएका सबै मानव अधिकारकर्मीहरूले कोभिड-१९ को प्रकोप सुरु भएपछि आफ्नो दैनिक जीवन र काममा व्यापक मात्रामा परिवर्तन आएको बताएका छन्। उनीहरूले आफू, परिवार, कार्यालय एवम् समुदाय नै प्रकोपको जोखिममा रहेकोले प्रारम्भिक दिनहरू जटिल भएको, बन्दाबन्दी तथा निषेधाज्ञाले नियमित कामकारबाहीमा कठिनाइ पुगेको र पछिका दिनहरूमा केही सहज हुँदै गएको बताएका छन्। अधिकांश मानव अधिकारकर्मीहरूले महामारीपछि खासगरी विपन्न वर्ग बढी प्रभावित भएकोले स्थानीय प्रशासनसँग समन्वय गरेर रातह वितरणको कार्यहरूमा सहजीकरण गरिरहेको पनि उनीहरूको भनाइ छ।

मानव अधिकार कर्मीहरूले कोभिड-१९ को महामारी सुरु भएपछि प्रभावकारी रूपमा मानव अधिकार संरक्षण तथा प्रवर्द्धनको काम गर्न नसकिएको खासगरी स्थलगत रूपमा अध्ययन गर्न समस्या परेकोले टेलिफोन लगायत सञ्चार-माध्यमको प्रयोगबाट तथ्य सङ्कलन गर्ने कार्य भएको बताएका छन्। महामारी व्यापक रूपमा फैलिरहेको अवस्थामा मानव अधिकार हननका पीडितहरूलाई प्रत्यक्ष भेटेर तथ्य सङ्कलन गर्न कठिनाइ भएको उनीहरूको भनाइ छ। यसबाट मानव अधिकार हनन्बाट प्रभावित भएका नागरिक तथा व्यक्तिहरू न्याय तथा उपचार प्राप्त गर्नबाट वञ्चित हुनपरेको समेत देखिएको उनीहरूको भनाइ छ।

यस अवधिमा विभिन्न गैरसरकारी संस्थाहरूले प्रदान गर्ने सेवामा असर परेको, नियमित कार्यक्रमहरू समेत सञ्चालन गर्न कठिनाइ भएको, दाताको सङ्ख्या घटेकोले कार्यक्रम सञ्चालन गर्न र कर्मचारीलाई तलब दिनसमेत समस्या हुन थालेको भनाइ संस्थाहरू सञ्चालन गर्ने अधिकारकर्मीहरूको छ। केही गैरसरकारी संस्थाहरूले मानव अधिकारकर्मीको कोभिड-१९ बीमा गराएको भए पनि सबैको नभएको पाइयो।

रौतहट जिल्लामा दलित अधिकारको क्षेत्रमा क्रियाशिल मानव अधिकारकर्मीलाई प्रहरीले धम्की दिएको र पक्राउको प्रयाससमेत गरेको पाइयो। केही महिला अधिकारर्मीले आफूहरूमाथि महिला भएको कारणले भेदभाव हुने गरेको र सूचनामा पहुँच नदिने गरेको बताए। सुर्खेत जिल्लास्थिति एक मानव अधिकार संस्थामा कार्यरत मानव अधिकारकर्मीहरूलाई बलात्कार घटनाका आरोपितले ज्यान मार्ने धम्की दिएकोले प्रहरीमा जानकारी गराइ व्यवस्थापन गरेको पाइयो। यसैगरी, एक जना महिला मानव

अधिकारकर्मीलाई अन्तर्वार्ता दिन नमानेको भनी युट्यूबरले धम्की दिएको पाइयो। यसैगरी, धनुषा जिल्लामा एक महिला मानव अधिकारकर्मीलाई प्रहरीले मार्ने धम्की दिएको पाइयो।

कोभिड-१९ को महामारीको सुरुआती अवस्थामा अत्यन्त त्रसित अवस्थामा काम गर्नुपरेकोले नियमित कार्य सम्पादनमा कठिनाइ अएको र बन्दाबन्दीको अवस्थाले झन् समस्या भएको भन्ने मानव अधिकारकर्मीहरूको भनाइ रहेको छ। मानव अधिकारकर्मीहरूले महामारी फैलिरेहेको अवस्थामा पनि विभिन्न वाधा अवरोधकाबिच मानव अधिकार संरक्षण कार्यलाई निरन्तरता दिएको पाइयो।

अधिकांश मानव अधिकार कर्मीहरूले मानव अधिकारका विविध विषयमा तथा मानव अधिकार रक्षक सम्बन्धित कार्यक्रम तथा तालिमहरू लिएको भए पनि मानव अधिकार रक्षकसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रको बारेमा खासै थाहा नभएको बताए।

४. विभिन्न संस्थाहरूको प्रतिवेदनबाट प्राप्त तथ्यहरू

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल पत्रकार महासङ्घ, नेपाल बार एशोसिएसन र गैरसकारी संस्था महासङ्घसँग सहकार्य गरी कोभिड-१९ को महामारीको अवधिमा मानव अधिकार अवस्थाको अनुगमन गरी प्रतिवेदन प्रकाशित गरेको पाइन्छ। आयोगबाट प्रकाशित प्रतिवेदनमा कोभिड-१९ को महामारीपछि भएको लकडाउनको समयमा राष्ट्रिय तथा स्थानीयस्तरका अखबारहरू बन्द भएको र सञ्चारगृहले पत्रकारहरूलाई बेतलवी बिदा लिन दबाब दिइएको पाइएको एवम् बन्द भएका केही राष्ट्रियस्तरका अखबारहरू पुनः प्रकाशन भए पनि आर्थिक कारणले मोफसलका पत्रिकाहरू प्रकाशनमा आउन नसकेको र विभिन्न जिल्लाहरूमा कार्यरत पत्रकारहरूले समाचार सङ्कलनको क्रममा, कसैले सामाजिक सञ्जालमा विचार अभिव्यक्त गरेकै आधारमा गिरफ्तारी र हैरानी व्यहोर्नु परेको छ। यसैगरी समाचार सम्प्रेषण गरेकै आधारमा स्थानीय तहबाट सञ्चारकर्मीलाई धम्की दिएको, हातपातको प्रयास भएको देखिन्छ । उक्त प्रतिवेदनमा आयोगले समाचार सङ्कलनमा संलग्न सञ्चारकर्मीहरूलाई आवश्यक सूचना उपलब्ध गराउन तथा दुर्व्यवहार नगर्न, कोभिड-१९ रोकथामका लागि अग्रस्थानमा कार्यरत चिकित्सक, सुरक्षाकर्मी, राष्ट्रसेवक, सफाइकर्मीहरूको उत्प्रेरणा तथा सुरक्षालाई उच्च प्राथमिकतामा राखी उच्च मनोबलमा कार्य गर्ने वातावरण मिलाउन, कोभिड-१९ को महामारीमा उपचारमा अग्रपङ्तिमा खटिएका चिकित्सक एवम्

स्वास्थ्यकर्मीहरूमाथि भइरहेका कुटपिट, अभद्र व्यवहारप्रति सचेत रही उनीहरूको उच्च मनोबल कायम राख्न र सुरक्षाको ग्यारेन्टी गर्न/गराउन, पत्रकारहरूलाई आवश्यक सूचना प्रवाह गर्न, गराउन, पत्रकारमाथि भएका आक्रमण, धम्की र दुर्व्यवहार रोक्न, श्रमजीवी पत्रकारहरूको पारिश्रमिक सुनिश्चित गरी सूचनाको पहुँचलाई सहज बनाउन, पत्रकारको सुरक्षाको सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम गर्न गराउन सिफारिस गरेको पाइएको छ।[२९]

यसैगरी, नेपाल पत्रकार महासङ्घले लकडाउनको समयमा सञ्चारकर्मी र सञ्चारगृहमा गरेको स्थलगत अनुगमनको प्रारम्भिक प्रतिवेदन प्रकाशित गरेको छ। प्रतिवेदनमा महामारीको समयमा सञ्चारकर्मीहरूको लागि सञ्चारगृहहरूले गरेका पूर्वसर्तकतासम्बन्धी कार्यहरू सन्तोषजनक नभएको, विशेष गरी कार्यक्षेत्रमा खटिने संवाद्दाता, फोटो पत्रकार र Camera Person बढी जोखिममा रहेका, कतिपय सञ्चारमाध्यमहरूमा स्वास्थ्य सुरक्षा सामग्रीको समेत प्रबन्ध नगरिएको, महामारीको समयमा जोखिम मोलेर काम गरिरहेका सञ्चारकर्मीहरूले सहजै पारिश्रमिक नपाएको, कानुनले तोकेकोभन्दा बढी समय काम गर्दा अतिरिक्त कामको पारिश्रमिक नपाएको र मुलुकका विभिन्न भागमा सञ्चारकर्मीहरूमाथि कुटपिट, धम्की, दुर्व्यवहार र अवरोधका घटनाहरू भएको उल्लेख गरिएको छ। उक्त प्रतिवेदनमा लकडाउनको समयमा १८ ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू भएको र जसबाट २४ जना सञ्चारकर्मी पीडित भएको उल्लेख गरिएको छ। लकडाउनको समयमा कतिपय सञ्चारगृहहरूले पत्रकारहरूलाई रोजगारीबाट हटाएको, बेतलबी बिदा दिएको तथा पत्रकारहरू बेरोजगार बन्दै गएको, डेरामा बस्ने पत्रकारलाई घरधनीले डेरा छाड्न दबाब दिएको र कतिपय अवस्थामा टोलमा प्रवेश गर्न नदिएको कुरा सो प्रतिवेदनमा उल्लेख गरिएको छ।[30]

त्यसैगरी, नेपाल पत्रकार महासङ्घ र Sharecast Initiatives, Nepal को संयुक्त आयोजनामा गरिएको एक अध्ययन[३१] कोरोना महामारी र लकडाउनको कारण ४० प्रतिशत पत्रकारहरूको पेशागत सुरक्षा र आम्दानीमा प्रत्यक्ष प्रभाव

२९ कोभिड-१९ र बन्दाबन्दीको अवस्थामा मानव अधिकारको अवस्था प्रारम्भिक अनुगमन प्रतिवेदन, २०७७ राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर

३0 लकडाउनको समयमा सञ्चारकर्मी र सञ्चारगृहमा गरेको स्थलगत अनुगमनको प्रारम्भिक प्रतिवेदन, २०७७, नेपाल पत्रकार महासङ्घ, काठमाडौँ

३१ पत्रकारिता क्षेत्रमा कोभिड-१९ को प्रभाव सर्वेक्षणको प्रारम्भिक नतिजा, नेपाल पत्रकार महासङ्घ र Sharecast Initiatives, Nepal द्वारा संयुक्त रूपमा सर्वेक्षण गरिएको, प्रकाशित मिति २०७७ असोज ५ गते, उपलब्धताको लागि http://www.fnjnepal.org/en/resources

परेको छ, जसमा पुरुषभन्दा पनि महिला पत्रकारको अनुपात बढिरहेको छ। सोही अध्ययनमा ७० प्रतिशतभन्दा बढी पत्रकारले कोरोना महामारी तथा लकडाउनको कारण समाचार सङ्कलन र सम्प्रेषणमा असहजता महसुस गरेका छन। माक्स, स्यानिटाइजर जस्ता समाग्री उपलब्ध भए पनि अस्पताल तथा सङ्क्रमित भएका स्थानमा रिर्पोटिङ्ग गर्न जाँदा पीपीइको अभावका कारण आफूहरूले असुरक्षित महसुस गरेको उनीहरूको भनाइ रहेको छ[३३]। १० प्रतिशत पत्रकारहरूमा पेसा परिवर्तन गर्ने वा अन्य के गर्ने भन्नेमा अन्यौलमा देखिएको छ। यस्तै २.५ प्रतिशत मिडिया सञ्चालकहरूले मिडिया बन्द गरिसकेको वा बन्द गर्ने सोचमा रहेको पाइएको छ। यस्तो अवस्था रहेसम्म अन्य कुनै पनि मिडियामा काम पाउन सम्भव नरहेको उनीहरूले बताए।[३३]

यससन्दर्भमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष गोविन्द आचार्यका भनाइअनुसार हालसम्म पाँच जना पत्रकारहरूको कोभिडको कारण मृत्यु भएको, नेपाल पत्रकार महासङ्घमा दर्ता भएका करिव १ हजार ३ सय पत्रकारहरूमध्ये लगभग ४ प्रतिशतले रोजगारी गुमाएको अवस्था छ। यस अवस्थालाई सम्बोधन गर्न नेपाल पत्रकार महासङ्घले १ करोडको महामारी राहत कोषको स्थापना गरिएको जसले यस विषम परिस्थितिमा आवश्यकताको आधारमा पत्रकारहरूलाई सहयोग गर्ने लक्ष्य लिएको छ[३४]। त्यसैगरी, नेपाल पत्रकार महासङ्घका कार्यक्रम अधिकृत हिरण्य जोशीले कोभिड महामारी सुरु भएपछि महासङ्घमा पत्रकारहरूलाई जागिरबाट निकालिएको भनी ३ सय ८५ निवेदन दर्ता भएको, जसमा ३ सय २० ओटा निवेदनको व्यवस्थापन गरिएको, पत्रकारहरूको समस्याको समाधानको लागि पत्रकार महासङ्घ वर्तमान अवस्थमा आन्दोलनमा रहेको, यस बिचमा पत्रकारहरूको समस्या समाधानको लागि १२ वटा मुद्दाहरू श्रम अदालतमा पठाइएको, सङ्ख्याको हिसाबमा कमी भए पनि अनुपातमा बढी महिला पत्रकारहरूलाई बिदा वा बेतलवी बिदामा पठाइएको, मुलुकभर झण्डै ३ सय पत्रिकाहरू बन्द भएकोमा हालै केही सञ्चालनमा आएका बताए।[३५]

पत्रकारहरूको सुरक्षाको लागि बीमा तथा राहत प्रदान गर्नको लागि नेपाल पत्रकार महासङ्घले सरकारलगायत अन्य सरोकारवालाहरूलाई अनुरोध गरी अधिकांश

३३ ऐ.ऐ.

३३ ऐ.ऐ.

३४ २०७७ मङ्सिर ४ मा नेपाल पत्रकार महासङ्घको कार्यालयमा भएको छलफलको आधारित

३५ ऐ.ऐ.

पत्रकारहरूको बीमा गरिएको पनि जानकारी गराएको छ। यस विषयमा महासङ्घका अध्यक्षसमेतले श्रमजीवी पत्रकार ऐन २०५१ को दफा १७[३६] बमोजिमको कामकारबाही नभएको भनी सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको रिट निवेदनमा सम्मानित अदालतबाट २०७७ असोज ४ गते मागबमोजिमको कामकारबाही सम्बन्धमा प्रगति विवरण पेस गर्ने आदेश[३७] भएको छ। यस फैसलाले ऐनबमोजिमको कोष खडा गर्न सञ्चार गृह तथा व्यवस्थापकहरूलाई बाध्य पार्ने कार्यमा सरकार तथा अन्य सरोकारवालाहरूलाई कानुनी रूपमा सहज भएको देखिन्छ।

३६ दफा १७, कल्याणकारी कोष: व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सरक्षाको लागि तोकिएबमोजिमको एक कल्याणकारी कोष खडा गर्नु पर्नेछ।

३७ निवेदक गोविन्द आचार्यसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, न्यायाधीश आनन्दमोहन भट्टराई, २०७७ असोज ४

कानुनी विश्लेषण

(क) अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरूको आधारमा

मानव अधिकार रक्षकहरूको सम्बन्धमा प्रत्यक्ष रूपमा सम्बोधन तथा कार्यान्वयन गर्नको लागि हालसम्म संयुक्त राष्ट्रसङ्घलगायत अन्तर्राष्ट्रिय वा क्षेत्रीय सङ्घसंस्थाहरूले बाध्यकारीरूपमा लागु हुने कुनै दस्ताबेजको व्यवस्था गरेको पाइएको छैन। संयुक्त राष्ट्रसङ्घबाट सन् १९९८ मा मानव अधिकार रक्षकहरूको सम्बन्धमा नरम कानुन (soft law)को रूपमा एउटा घोषणा भएको पाइन्छ भने क्षेत्रीय रूपमा युरोपियन युनियन, अफ्रिकी युनियन र अमेरिकी राष्ट्रहरूको सङ्गठनहरूले उनीहरूको क्षेत्रीय सीमाभित्र मात्र लागु हुने गरी यस सम्बन्धमा केही दस्ताबेजहरूको निर्माण गरेको अवस्था छ। यद्यपि प्रत्यक्ष रूपमा मानव अधिकार रक्षकहरूको अधिकारको सम्बन्धमा कनै दस्ताबेजहरू नभए पनि हालसमम्म जारी भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि/महासन्धिहरूमा यस विषयमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा केही उल्लेख भएको पाइन्छ।

संयुक्त राष्ट्रसङ्घले मौलिक मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यलाई प्रस्तावनामा उल्लेख गरेको[३८] अवस्था भएकोले राष्ट्रसङ्घ स्थापनाको एउटा कारणमा मानव अधिकारको संरक्षण तथा संवर्द्धन गर्ने रहेको भन्ने देखिन्छ जुन विषय आफैँमा महत्त्वपूर्ण हो। त्यसैगरी, यसको बडापत्रको धारा १ को (३) मा यसको उद्देश्यमा पनि मौलिक हक एवम् मानव अधिकारप्रति सम्मानको भाव प्रोत्साहित र विकास गर्नमा अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने" भन्ने रहेको छ। नेपाल पनि संयुक्त राष्ट्रसङ्घको सदस्य भएको नाताले यस बडापत्रमा उल्लेख गरिएको प्रावधानहरूको पालना गर्नु अनिवार्य नै हुन जान्छ। नेपालले हालसम्म मानव अधिकार रक्षकहरूलाई

३८ संयुक्त राष्ट्रसङ्घको बडापत्रको प्रस्तावना

सम्बोधन तथा उनीहरूको काम कर्तव्य तथा अधिकारको सम्बन्धमा कुनै कानुन आदि निर्माण गरेको पाइँदैन। मानव अधिकार रक्षकहरूको कार्यहरू कुनै पनि खालको सङ्कट, महामारी तथा द्वन्द्व आदिको अवस्थामा झन् आवश्यक पर्ने भएकोले यस सम्बन्धमा कानुनी तथा निर्देशिकाहरू निर्माण गर्न आवश्यक हुन जान्छ, जुन विषयले मानव अधिकारको सम्बन्धमा राष्ट्रसङ्घको बडापत्रको सम्मान भएको रूपमा हेर्न सकिन्छ। यही विषयलाई यस अध्ययनमा समावेश भएका विभिन्न व्यक्तिहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा उल्लेख गरेको पनि पाइएको छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १९[३९] मा प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा विना हस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सिमानाको बन्देजविना कुनै पनि माध्यममार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रतासमेत समावेश हुनेछ भनी उल्लेख भएको भए पनि सञ्चारकर्मीहरूले यस घोषणापत्रमा उल्लेख गरेको यस अधिकारको सबै अवस्थाहरूमा उपभोग गर्न नपाएको तथ्य यस अनुसन्धानबाट प्राप्त भएको छ। यस घोषणापत्रको धारा २८[४०]मा प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ भनी उल्लेख भएको अवस्था भए पनि मानव अधिकार रक्षकहरूको आफ्नै अधिकार हनन् भएमा कुनै विशेष व्यवस्था नभएकोले उनीहरूको पेसागत तथा व्यक्तिगत सुरक्षाको हनन् भएमा उपचारमा सामान्य कानुनहरूको मात्र भर पर्नुपर्ने अवस्थाको विद्यमान देखिन्छ।

(ख) राष्ट्रिय नीति तथा कार्यक्रमहरूको आधारमा

कोभिड-१९ को महामारीलाई सम्बोधन गर्नको लागि नेपाल सरकारबाट पनि नीति तथा निर्देशिका जारी भएको छ। यसमा नेपालमा कोरोना भाइरसको सङ्क्रमण देखिएसँगै नेपाल सरकार, मन्त्रिपरिषद्को २०७६ फागुन १८ को निर्णयबाट नेपाल सरकारका रक्षा मन्त्रीको संयोजकत्वमा "नोबेल कोरोना रोकथाम तथा नियन्त्रण

---

३९ प्रत्येक व्यक्तिलाई विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार हुनेछ। यस अधिकारमा विनाहस्तक्षेप आफ्ना विचारहरू राख्न पाउने स्वतन्त्रता, सीमानाको बन्देजविना कुनै पनि माध्यममार्फत सूचना र विचारहरू प्राप्त गर्ने, खोज्ने तथा प्रसार गर्ने स्वतन्त्रतासमेत समावेश हुनेछ।

४० प्रत्येक व्यक्तिलाई यस घोषणापत्रमा उल्लिखित अधिकार र स्वतन्त्रताहरू पूर्णरूपले प्राप्त गर्न सकिने सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ।

उच्चस्तरीय समन्वय समिति"[४१] गठन भएको थियो। नागरिक समाजले उक्त समिति समावेशी नभएको भनी आलोचना गरेपछि यसमा केही फेरवदल गरिएको थियो। कोभिड-१९ को जोखिम न्यूनीकरणको लागि यस समितिले विभिन्न मितिमा बैठक बसी निर्णयहरू लिने गरेको भए पनि यसको काम प्रभावकारी नभएको भनी यसको औचित्यतामाथि पटक-पटक प्रश्न उठ्ने गरेको पाइएको छ।

यसैगरी, लकडाउनबाट अति प्रभावित श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज बनाउन तथा उद्योगी व्यवसायीहरूलाई निजहरूको उद्योग-व्यवसायको संरक्षणका लागि तत्काल राहत प्रदान गर्न "कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन कार्ययोजना, २०७६" जारी गरेको भए पनि त्यसको प्रभावरी कार्यान्वयन हुन सकेको पाइएन। नेपाल सरकारले कोभिड-१९ को महामारी नियन्त्रणका लागि विभिन्न कार्ययोजना र समितिहरू बनाएको र जिल्ला र स्थानीय तहसम्म यस्ता समितिहरू रहेको भए पनि तिनको कार्यसम्पादनको बारेमा पटक-पटक प्रश्न उठने गरेको छ।

यसबिचमा गृह मन्त्रालयबाट २०७७/०५/०७ मा जारी प्रेस विज्ञप्तिमा[४२] देशका केही स्थानहरूमा कोभिड-१९ सङ्क्रमणको जोखिम नियन्त्रण, रोकथाम र उपचारमा आफूलाई जोखिममा राखेर अहोरात्र खटिएका स्वास्थ्यकर्मीलगायतका राष्ट्रसेवकहरूप्रति केही उच्छृङ्खल व्यक्तिहरूबाट दुर्व्यवहार तथा अपमानित हुने क्रियाकलाप गरेको बुझिएकोले त्यस्ता कार्य हुन/गर्न नदिन तथा संलग्न हुनेहरूउपर तत्काल कानुनबमोजिम कारबाही हुन मातहत सुरक्षा निकाय तथा प्रमुख जिल्ला अधिकारीहरूलाई निर्देशन दिइएको उल्लेख गरिएको छ। गृह मन्त्रालयको यो निर्णयपश्चात् केही ठाउँहरूमा स्वास्थ्यकर्मीहरूप्रति गरिने दुर्व्यवहारमा सुधार आएको पनि पाइएको देखियो।

यसैगरी, नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ महामारीको सन्दर्भमा कोभिड तथा अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका २०७६[४३] जारी गरेको पाइएको छ।। यसमा कोभिड-१९ सम्बन्धी स्थास्थ्य सेवा प्रदान गर्ने तरिका र सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूको बारेमा उल्लेख गरिएको छ।

गैरसरकारी तथा व्यक्तिगत रूपमा पनि स्वास्थ्य क्षेत्रमा खटिरहेका

४१ https://www.opmcm.gov.np/download २०७६ साल फागुन महिना wpdmdl=6392&refresh=5f88dfaacd5d21602805674

४२ गृह मन्त्रालयबाट मिति २०७७/ ५/ ७ मा जारी प्रेस- विज्ञप्ति https://www.moha.gov.np/post/press-release-2034

४३ https://mohp.gov.np/home/#2

स्वास्थ्यकर्मीहरूलाई पनि कोभिड-१९ को उपचारलगायत आवश्यक स्वास्थ्य कार्यमा संलग्न गराउने र उनीहरूलाई पनि सरकारी सेवामा रहेका अन्य स्वास्थ्यकर्मी सरहको तलव, भत्ता तथा बीमाको व्यवस्था गर्ने सम्बन्धमा मिति २०७६ चैत २४ मन्त्रिपरिषद्बाट[४४] भएको निर्णय भएको थियो। मन्त्रिपरिषद्को यो निर्णयको कार्यन्वयन नभएको भनी यस अनुसन्धानको अन्तर्वार्तामा सहभागी भएका निजी तथा सामुदायिक स्वास्थ्य संस्थाका चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले बताएका छन्। नेपाल सरकारले कोभिड-१९ को महामारीको क्रममा खटिने स्वास्थ्यकर्मीहरूलाई १ लाख रुपियाँको कोरोना बीमा र जोखिमभत्ता उपलब्ध गराउने निर्णय गरेको भए पनि निजी क्षेत्र तथा स्थानीय तहअर्न्तगत कार्यरत अधिकांश स्वास्थ्यकर्मीहरू यस्तो सुविधाबाट वञ्चित भएको पाइएको छ।

त्यसैगरी, मिति २०७७ वैशाख महिनामा पनि मन्त्रिपरिषद्को निर्णयबाट कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरूलाई व्यक्तिगत स्वास्थ्य सुरक्षाका उपकरण एवम् सामग्रीहरू र प्रोत्साहनको विशेष व्यवस्था गर्ने भन्ने भए पनि अनुसन्धानको क्रममा सहभागी भएका चिकित्सकहरूबाट कतिपय व्यक्तिगत सुरक्षाको साधनहरूको अभाव भएकोले आफैँले किनेर लगाएको समेत बताइएको छ। निजी तथा सामुदायिक स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरूको यस सम्बन्धमा झन् ठूलो गुनासो रहेको पाइन्छ। यस रोगको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा र संलग्न चिकित्सक, नर्स र प्राविधिकलगायतका स्वास्थ्यकर्मीहरूको सुरक्षाको उचित प्रबन्ध गृह मन्त्रालयले मिलाउने भन्ने व्यवस्थाको सम्बन्धमा आंशिक रूपमा कार्यान्वयन भएको पाइएको देखियो। यस रोगको रोकथाम, नियन्त्रण र उपचारको कार्यमा संलग्न स्वास्थ्यकर्मीहरूको कार्यमा बाधा, विरोध गर्ने व्यक्तिहरूलाई कार्यस्थलमा खटिएका सुरक्षाकर्मीहरूको कार्यसम्पादनमा बाधा, विरोध गर्नेलाई प्रचलित कानुनबमोजिमको कारबाही गर्नेछ भन्ने व्यवस्थाहरूमा सुरुआती दिनमा केही समस्याहरू भए पनि हालमा यस विषयमा समस्याहरूमा निकै कमी भएको पाइएको सहभागीहरूले बताएका थिए।

मन्त्रिपरिषद्को मिति २०७७ वैशाख १४ गतेको निर्णयबाट कोरोना भाइरसको सङ्क्रमणको उपचारमा संलग्न चिकित्सकको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ स्वीकृत गरी[४५] कार्यान्वयन गरिएको भनिए पनि यस सम्बन्धमा खटिएका केही चिकित्सक

४४ गृह मन्त्रालयबाट मिति २०७७/५/७ मा जारी प्रेस-विज्ञप्ति https://www.moha.gov.np/post/press-release-2034

४५ https://www.opmcm.gov.np/download, २०७७ साल वैशाख महिना

तथा स्वास्थ्यकर्मीहरूले त्यस्तो जोखिम भत्ता हालसम्म नपाएको बताएका छन्।

यसबिचमा नेपाल पत्रकार महासङ्घको अध्यक्षबाट श्रमजीवी पत्रकार ऐनको दफा १७[४६] बमोजिमको कोष हालसम्म गठन नगरिएको हुँदा कार्यान्वयनका लागि परमादेशलगायत आदेश जारी गरिपाउँ भनी सर्वोच्च अदालतमा दायर निवेदनमा कारबाही भई कोष खडा गर्ने विषयमा भएका प्रगति विवरणसमेत पेश २०७७ असोज ४ गते[४७] मा आदेश भएको छ। यस फैसलाले ऐनबमोजिमको कोष खडा गर्न सञ्चार गृह तथा व्यवस्थापकहरूलाई बाध्य पार्न कार्यमा सरकार तथा अन्य सरोकारवालाहरूलाई कानुनी रूपमा सहज भएको देखिन्छ।

४६ दफा १७, कल्याणकारी कोष: व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाका लागि तोकिएबमोजिमको एक कल्याणकारी कोष खडा गर्नुपर्नेछ।

४७ निवेदक गोविन्द आचार्यसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं, न्यायाधीश आनन्दमोहन भट्टराई, मिति २०७७ असोज ४,

विश्लेषण, निष्कर्ष र सुझावहरू

१. विश्लेषण र निष्कर्ष

मानव अधिकार रक्षकसम्बन्धी घोषणापत्र १९९८ ले मानव अधिकार रक्षकको दायरा विस्तृत रहेको स्पष्ट गरेको छ जसमा मानव अधिकार संरक्षण तथा प्रवर्द्धनको क्षेत्रमा काम गर्ने प्रत्येक व्यक्ति, समुदाय तथा संस्थाहरू मानव अधिकार रक्षक हुने परिभाषा गरिएको छ। मानव अधिकारको उपयोग तथा उपभोगमा सहजीकरण तथा समन्वय तथा यसको संवर्द्धन तथा संरक्षणमा मानव अधिकार रक्षकहरूको भूमिकाको ठुलो महत्त्व हुन्छ। समय-समयमा आइपर्ने विभिन्न प्रकारका मानवीय सङ्कट, प्रकोप तथा महामारीलगायत कनै पनि प्रकारका द्वन्द्वहरूमा मानिसहरूको आधारभूत अधिकारमा गम्भीर आघात पुग्न जाने हुँदा त्यसको संरक्षणमा मानव अधिकार रक्षकहरूले आफूलाई अग्र भागमा उभ्याएर काम गर्नुपर्ने हुन्छ। फलत: यसै कारण उनीहरूले विभिन्न प्रकारका जोखिमहरूको सामना गर्नु परिरहेको अवस्था छ। यस्तो समयमा धेरै मानव अधिकार रक्षकहरूले आफ्नो ज्यानसमेत गुमाएको पाइन्छ।

वर्तमान अवस्थामा विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको प्रभावबाट नेपाल पनि अछुतो रहन सकेन। दिनप्रतिदिन फैलिरहेको महामारीबाट सङ्क्रमित हुनेको सङ्ख्या अप्रत्यासित रूपमा बढिरहेको पाइन्छ भने महामारीबाट मृत्यु हुनेको सङ्ख्या पनि बढिरहेको छ। यसबाट मानिसको बाँच्न पाउने हक, समानताको हक, शिक्षाको हक, सचनाको हक, भेदभावविरुद्धको हक तथा स्वास्थ्य उपचार पाउने हकलगायत विभिन्न मौलिक हक तथा संविधानका धारा १७ मा लेखिएका स्वतन्त्रताका अधिकारहरू उल्लङ्घन भइरहेको छ। यस्तो सङ्कटपूर्ण घडीमा नेपालका मानव अधिकार रक्षकहरूले नेपाली नागरिक तथा अन्य व्यक्तिहरूका मानव अधिकारको संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्।

वर्तमान महामारीको अवस्थामा स्वास्थ्यकर्मीहरूले सङ्क्रमणबाट बच्ने उपाय, सङ्क्रमणको परीक्षण, बिरामीको उपचार एवम् स्वास्थ्य सुरक्षासम्बन्धी जानकारी उपलब्ध गराएर महत्त्वपूर्ण भूमिका निर्वाह निभाएका छन्। यसैगरी सञ्चारकर्मीहरूले महामारीको अवस्था, यसबाट बच्ने उपायहरू र विभिन्न घटनाहरूको बारेमा सचना तथा जानकारी गराएर उतिकै विशेष भूमिका निर्वाह गर्दै आएका छन्। मानव अधिकारकर्मीहरूले महामारी र यसको असरको बारेमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने, मानव अधिकार हनन् घटनाहरूको अनुगमन र छानबिन गर्ने एवम् पीडितको अधिकार संरक्षणको लागि वकालत गर्नुको साथै राहत कार्यक्रमहरू सञ्चालनमा सहजीकरण तथा समन्वयसमेत गरी उल्लेखनीय भूमिका निर्वाह गरिहेको पाइन्छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)बाट गरिएको यस अध्ययनमा कोभिड-१९ को महामारीको समयमा नेपालका विभिन्न जिल्लामा काम गर्ने स्वास्थ्यकर्मी, सञ्चारकर्मी र अन्य मानव अधिकारकर्मीलगायतका मानव अधिकार रक्षकहरूको कोभिड-१९ को महामारीको अवस्थाको बारेमा तथ्यहरू सङ्कलन गरिएको छ।

अध्ययनको क्रममा प्राप्त तथ्यहरूको विश्लेषण गर्दा कोभिड-१९ को महामारी सुरु भएपछि मानव अधिकार रक्षकहरूको दैनिक जीवनदेखि काममा समेत व्यापक मात्रामा परिवर्तन आएको पाइएको छ। कामको सिलसिलामा आफैँ, परिवार, सहकर्मी र समुदाय नै सङ्क्रमित हुने भयले मानसिक त्रासमा काम गरिरहनुपरेको अवस्था रहेको देखिन्छ। कामको सिलसिलामा पर्याप्त स्वास्थ्य सुरक्षा सामग्रीहरूको अभावले सङ्क्रमणको जाखिमलाई अझै बढाएको पाइन्छ। खासगरी स्वास्थ्यकर्मीहरूले बिरामीका प्रत्यक्ष सम्पर्कमा रहेर उपचार गर्नुपर्ने भएकोले सङ्क्रमणको उच्च जोखिममा रहेको हुँदा परिवार र समाजसँगको सम्पर्कमा नरही काम गनुपर्ने अवस्था सिर्जना भएको छ। सञ्चारकर्मी र मानव अधिकारकर्मीहरूले स्थानीयस्तरमा गई तथ्य सङ्कलन गर्न कठिनाइ भई टेलिफोन वा अन्य सञ्चार-माध्यमको भरमा तथ्य सङ्कलन गर्नुपर्ने अवस्था सिर्जना भएको देखिन्छ। विभिन्न गैरसरकारी संस्थाहरूले गर्दै आएका नियमित कार्यहरूमा समेत वाधा उत्पन्न भएको पाइन्छ। यसक्रममा धेरै मानव अधिकार रक्षकहरू आफैँ सङ्क्रमणमा परेको समेत पाइएको छ। यसबाट उनीहरूको जीवन, स्वास्थ्य र सुरक्षाको अधिकार तथा परिवासँग समाजमा बस्न पाउने अधिकारसमेतमा आघात पुग्न गएको देखिन्छ।

अन्य व्यक्तिहरूको अधिकारको संरक्षणको लागि खटिने मानव अधिकार रक्षकहरू र तिनका परिवारमाथि समुदाय, सुरक्षा निकाय, राजनीतिक दलका कार्यकर्ता तथा पीडकहरूबाट आक्रमण गर्ने, धम्की दिने, दुर्व्यवहार गर्ने तथा बहिष्कार गर्नेजस्ता कार्यहरूले उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने हकको समेत उल्लङ्घन भएको छ। यस्तो जटिल अवस्थामा मानव अधिकार रक्षकहरूको संरक्षण गर्नु राज्यको पहिलो दायित्व भए पनि यस सम्बन्धमा राज्यले पर्याप्त ध्यान पुऱ्याउन सकेको देखिएको पाइएन।

कोभिड-१९ को महामारीको अवस्थामा काम गर्ने मानव अधिकार रक्षकहरूको रोजगारी र पारिश्रमिकको अवस्थामा समेत एकरूपता पाइँदैन। नेपाल सरकारअन्तर्गत काम गर्ने स्वास्थ्यकर्मीहरूले कोभिड-१९ मा बीमा र अतिरिक्त भत्ता पाएको पाइएको छ। निजी क्षेत्र तथा स्थानीय निकायअन्तर्गत काम गर्ने अधिकांश स्वास्थ्यकर्मी यस्ता सुविधाबाट वञ्चित भएको पाइएको छ तर यस सम्बन्धमा सरकारी निर्णय सबै प्रकारका स्वास्थ्यकर्मीहरूलाई समान सुविधा दिने रहेको छ। सरकारी सञ्चारमाध्यमबाहेक अन्य सञ्चारमाध्यममा काम गर्ने सञ्चारकर्मीमध्ये केहीले रोजगारी गुमाएको र पारिश्रमिकसमेत नपाएको अवस्था पाइएको छ। आफूले सङ्कलन गरी पठाएको समाचारको आधारमा पारिश्रमिक पाउने सञ्चारकर्मीहरूको पारिश्रमिकमा व्यापक मात्रामा कमी भएको पाइएको छ। राज्यले उचित ढङ्गले राहत वितरण गर्न नसक्दा मानव अधिकार रक्षकहरूको रोजगारीको हकसमेत हनन भएको देखिन्छ।

यसभन्दा पहिला यस्तो अवस्थामा काम गर्ने अनुभव नभएको तथा बन्दाबन्दीको अवस्था रहेको काणरबाट महामारीको सुरुको अवस्थामा मानव अधिकार रक्षकहरू बढी मात्रामा त्रसित भएको र उनीहरूको काममा समेत अत्यधिक प्रभाव परेको भए पनि बिस्तारै त्रासको वातवरण कम हुँदै गएको, काम गर्ने अनुभव बढ्दै गएको तथा बन्दाबन्दीको अवस्था हट्दै गएकोले मानव अधिकार रक्षकहरूले आफ्नो कामलाई थप प्रभावकारी बनाउँदै लगेको पाइन्छ। सङ्क्रमितको सङ्ख्या अप्रत्यासित रूपमा बढ्दै गएको, महामारी नियन्त्रणमा राज्यको भूमिका कमजोर हुँदै गएको एवम् समाजमा पर्याप्त जनचेतनाको अभाव रहेको र स्वास्थ्य सुरक्षा सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध नभएकोले मानव अधिकार रक्षकहरूले उच्च जोखिमको बिचमा काम गर्नु परिरहेको देखिन्छ।

२. सुझावहरू

अध्ययनबाट प्राप्त तथ्यहरूको आधारमा निम्न सुझावाहरू प्रस्तुत गरिएको छ:

क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई

- सबै मानव अधिकार रक्षकहरूको सुरक्षाको व्यवस्था मिलाउन तथा उनीहरूमाथि दुर्व्यवहार गर्ने तथा धम्की दिने सरकारी पदाधिकारी, सुरक्षा निकाय तथा अन्य व्यक्ति वा समूहलाई कानुनी दायरामा ल्याई कारबाही गर्न
- महामारीको बिचमा काम गर्ने मानव अधिकारकर्मीहरूलाई आवश्यक सहयोग गर्न तथा उनीहरूले मागेको सूचना सहज रूपमा उपलब्ध गराउन सम्बन्धित निकायमा आवश्यक रूपमा निर्देशन जारी गर्न वा सूचनासम्बन्धी कानुनको व्यवहारिक रूपमा पालना गराउने व्यवस्था मिलाउन
- वर्तमान महामारीको अवस्थामा मानव अधिकार रक्षकहरूलाई स्वास्थ्य सुरक्षा सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध गराउने व्यवस्था गर्न
- सबै मानव अधिकार रक्षकहरूलाई विनाभेदभाव कोभिड-१९ को सम्बन्धमा बीमा तथा जोखिम भत्ता उपलब्ध गराउने वातावरण सुनिश्चित गर्न
- महामारीको अवस्थामा रोजगारी गुमाएका मानव अधिकार रक्षकहरूको रोजगारी पुन:र्स्थापना गरी आवश्यक राहतको व्यवस्था गर्न
- कोडिभ १९ बाट प्रभावित मानव अधिकार रक्षकहरूलगायत सबै नागरिकको नि:शुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउन
- महामारीको समयमा आफ्नो जीवन जोखिममा पारी खटिने मानव अधिकार रक्षकहरूको सम्मान बढाउन आवश्यक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न
- मानव अधिकार रक्षकहरूको अधिकारको संरक्षण तथा संवर्द्धनको लागि तीन तहका सरकारहरूले अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको कानुनहरूको निर्माण गर्न
- सरकारी तथा सुरक्षा निकायका व्यक्तिहरूको नियुक्ति तथा वृति विकासको लागि गरिने तालिम तथा कार्यक्रमहरूमा मानव अधिकार तथा मानव अधिकार रक्षकहरूको विषयलाई समावेश गर्न ।

मानव अधिकार राष्ट्रिय संस्थाहरू, मानव अधिकार रक्षकहरू तथा गैरसरकारी क्षेत्रको लागि

- मानव अधिकार रक्षकहरूको सुरक्षालाई मध्यनजर गरी आवश्यक स्वास्थ्य सुरक्षा सामग्री र बीमाको व्यवस्था गर्नको लागि आवश्यक मात्रामा पहल तथा वकालत गर्न
- महामारीको समयमा मानव अधिकार रक्षकहरूको रोजगारी तथा पारिश्रमिकको सुनिश्चितता मा पर्याप्त मात्रामा पहल तथा वकालतको व्यवस्था गर्न
- महामारीको समयमा कार्य गर्दा आवश्यक रूपमा चाहिने जनस्वास्थ्यका मापदण्डको पालना गरी सेवा प्रवाह गर्न चाहिने समाग्रीहरूको प्रबन्ध गर्न
- आफ्नो सेवाको क्रममा ज्येष्ठ नागरिक, बिरामी, महिला, बालबालिका तथा विपन्न समुदायलाई प्राथमिकतामा राखी कार्य गर्न व्यवस्था गर्न
- महामारीको समयमा सङ्क्रमण फैलिने जोखिमलाई मध्यनजर गरी प्रविधिको प्रयोगबाट कार्यसम्पादन गर्ने कुरालाई प्राथमिता दिन
- राष्ट्रिय मानव अधिकार आयोगद्वारा जारी मानव अधिकार रक्षकहरूको आचारसंहिता तथा निर्देशिकालाई पालना गरी कार्यसम्पादन गर्ने व्यवस्थाको लागि पहल गर्न
- मानव अधिकार रक्षकहरूको एकीकृत कानुन बनाउनको लागि पहल तथा वकालतको कार्यक्रमहरूको सञ्चालन गर्न।

अनुसूची १

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
केन्द्रीय कार्यालय, काठमाडौँ, नेपाल
कोरोना भाइरस (COVID-19) को महामारीको अवस्थामा मानव अधिकार रक्षकहरूको अवस्थाको बारेमा अनुसन्धानका लागि तयार गरिएको प्रश्नावलीहरू

खण्ड १

क) परिचयात्मक विषय सम्बन्धमा

सर्वेक्षण गरिएको जिल्ला ..... नगर/गाउँपालिका .....
वार्ड नं. ..... टोल ..... मिति ..... बार .....
समय ..... सर्वेक्षकको नाम .....
सर्वेक्षक आबद्ध संस्थाको नाम .....
सर्वेक्षकको पद ..... सम्पर्क नं. .....
इमेल .....

ख) जबाफकर्ताको विवरण

नाम ..... जिल्ला ..... नगर/गाउँपालिका .....
वार्ड नं ..... टोल ..... संस्थाको नाम/ स्वतन्त्र .....
संस्थाको कार्य प्रकृति ..... कामको प्रकृति ..... लिङ्ग ..... वर्ष ..... जातजाति ..... सर्म्पक नं. .....
इमेल .....

खण्ड २

सामान्य जानकारी सम्बन्धमा

(आवश्यकतानुसार सबै प्रश्नहरू कृपयाबाट सुरु गर्न सकिन्छ ।)

१) तपाईंको आफ्नो कामको बारेमा सङ्क्षिप्त बताइ दिनुहोस्।
२) यस क्षेत्रमा तपाईं कति वर्षदेखि क्रियाशील वा आबद्ध हुनुहन्छ ?
३) कोभिड-१९ को महामारी हुनुभन्दा अगाडि तपाईंको पेसागत कार्यहरू कस्तो अवस्थामा थियो ?

४) कोभिड-१९ को महामारीपश्चात् आफ्नो काममा के-के फरक पाउनु भएको छ ?

६) तपाईंले आफ्नो कामको सिलसिलामा मानव अधिकारसम्बन्धी कुनै तालिम गोष्ठी आदिमा सहभागी हुने अवसरहरू पाउनु भएको छ ?

७) मानव अधिकार रक्षकको अधिकारहरूलगायतका विषयमा तपाईं कुनै तालिम आदिमा सहभागी हुनुभएको छ ?

८) मानव अधिकार रक्षकहरू (Human Rights Defenders)सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र १९९८ को बारेमा केही जानकारी राख्नु भएको छ ?

खण्ड ३

संस्थासँग आबद्ध प्रश्नहरू

(रोजगारी, पारिश्रमिक, स्वास्थ्य, सुरक्षा, आराम तथा मनोरञ्जन आदि अधिकारको सम्बन्धमा)

१) तपाईंले काम गर्ने गरेको संस्थाबाट कोभिड-१९ को महामारीको सम्बन्धमा मानव अधिकार रक्षकहरूको स्वास्थ्य सुरक्षा (मास्क, पीपीइ, स्यानिटाइजर आदि)का लागि कस्ता व्यवस्थाहरू भएको थियो वा छ ?

२) कोभिड-१९ को सन्दर्भमा तपाईंको संस्थाबाट तपाईंलगायत अन्य कर्मचारीहरूको बीमा वा आर्थिक राहतको लागि केही व्यवस्था गरिएको छ ?

३) कोभिड-१९ को कारणले भएको बन्दाबन्दीलगायतको अवस्थाले तपाईंको अविच्छिन्न रोजगारीमा वा खाइपाइ आएको तलब, भत्ता वा अन्य आर्थिक तथा सामाजिक सुविधाहरूमा तपाईंको कार्यालय तथा संस्थाबाट कुनै कटौती भएको छ ?

४) कार्यस्थलमा हुने लैङ्गिक हिंसा तथा यौनजन्य दुर्व्यवहारबाट तपाईं वा तपाईंका सहकर्मीहरू प्रभावित भएको अवस्था छ ?

५) तपाईंको संस्थाबाट कोभिड-१९ को महामारीबाट बच्न/बचाउन आफ्ना कर्मचारीहरूलाई पर्याप्त मात्रामा सूचना सामग्रीहरू उपलब्ध गराइएको छ ?

६) तपाईंको योग्यता, कार्यक्षमता तथा सीप आदिलाई अभिवृद्धि गर्नका लागि तपाईंको संस्थाबाट कुनै अध्ययन तथा तालिमहरूको व्यवस्था भएको छ ?

खण्ड ४

सरकारी पक्ष तथा सुरक्षाकर्मीहरूसँग सम्बन्धित

(कार्य स्वतन्त्रता, अपहरण, बेपत्ता, गिरफतार, धम्की, हिंसा आदिविरुद्धको अधिकार सम्बन्धमा)

१) यस अवधिमा तपाईं आफ्नो व्यावसायिक कामको दौरान सरकारी अधिकारी, सार्वजनिक पदाधिकारी तथा सुरक्षाकर्मीलगायतबाट कुनै बाधा-विरोध वा हतोत्साही भएको कुनै घटना छ ?

३) कर्तव्य पालनको सिलसिलामा तपाईं विस्थापित, अपहरण तथा बेपता, लैङ्गिक तथा यौनिक हिंसा, गिरफ्तार तथा कुनै प्रकारको धम्की आदिबाट प्रभावित (पीडित) भएको कुनै घटना छ ?

४) यो जिल्लामा यस अवधिमा कुनै पनि मानव अधिकार रक्षकहरू (यसमा अन्य पेसा-व्यवसायका व्यक्तिहरू पनि पर्छन्।) आफ्नो कर्तव्य पालनको सिलसिलाबाट विस्थापित, अपहरण, बेपत्ता, लैङ्गिक तथा यौनिक हिंसा, गिरफ्तार तथा धम्कीलगायतबाट पीडित भएको घटनाहरूको बारेमा थाहा भए बताइ दिनुहोस् ?

खण्ड ५

गैरसरकारी पक्षको सम्बन्धमा

(व्यक्तिगत सुरक्षा, उजुरीको अधिकार, आपराधिक कार्यविरुद्धमा न्यायिक अधिकार, क्षतिपूर्तिको अधिकार आदि)

१) यस अवधिमा तपाईंमाथि कर्तव्य पालनको सिलसिलामा कुनै व्यक्ति, कुनै सङ्गठित अपराधी समूहहरूबाट कुनै बाधा, विरोध वा हिंसा, धम्की वा अपहरण वा अन्य यस्तै प्रकारका घटनाहरू भएका छन् ?

